मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## लिचीबारी भ्रष्टाचार प्रकरणः पूर्वमन्त्री गुप्तालाई धरौटीमा छाड्न आदेश



**मधेशदृष्टि**
**वीरगंज।**
पोखराको चर्चित लिचीबारी भ्रष्टाचार प्रकरणमा थुनामा रहेका पूर्व सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तालाई सर्वोच्च अदालतले धरौटीमा रिहा गर्न आदेश दिएको छ । सर्वोच्च अदालतको संयुक्त इजलासले विशेष अदालतले दिएको थुनछेक आदेश उल्ट्याउँदै

बाँकी पृष्ठ २ मा

● वर्ष ४ ● अंक १८१ ● २०८३ साल जेष्ठ ०६ गते बुधबार ● Wednesday 20, May 2026 ● सूर्योदयः बिहान ०५:१५ बजे ● सूर्यास्तः साँझ ०६:४९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## वन कार्यालयकै आदेशमा हरिया साल ढालिँदैः
# जीतपुर–सिमरा क्षेत्रमा वन विनाशको भयावह खेल







**हरिशंकर शर्मा**
**वीरगंज।**
बाराको जीतपुर–सिमरा उपमहानगरपालिका–४ आसपास फैलिएको प्रगतिशील सामुदायिक वन क्षेत्रमा व्यापक रूपमा हरिया रुख कटान भइरहेको पाइएको छ । डिभिजन वन कार्यालय बाराबाट अनुमति लिई 'सुकेको तथा ढलापडा रुख हटाउने' नाममा सामुदायिक वनभित्र हरिया साल, जामुन, टिकौली, बुद्धमेरो, खयर, कर्मालगायत बहुमूल्य प्रजातिका रुखहरू अन्धाधुन्ध फडानी भइरहेको स्थानीयले गुनासो गरेका छन्।

वन ऐन तथा वन पैदावारसम्बन्धी प्रचलित कानूनअनुसार सुकेका, ढलेका वा प्राकृतिक रूपमा उपयोगहीन भएका रुख मात्र हटाउन पाइने स्पष्ट व्यवस्था छ । तर प्रगतिशील सामुदायिक वन क्षेत्रमा भने हराभरा रुख नै काटेर काठ बनाउने काम भइरहेको आरोप लागेको छ। डिभिजन वन कार्यालयले दिएको आदेशको दुरुपयोग गर्दै महिनौँदेखि वनभित्र निरन्तर कटानी भइरहेको स्थानीयको भनाइ छ । कटान गरिएका काठ वन कार्यालय आसपासकै क्षेत्रमा घाटगद्दी गरेर राखिएको देखिन्छ । यसले वन फँडानीको काम कुनै गोप्य गतिविधि नभई प्रशासनकै जानकारी र संरक्षणमा भइरहेको आशंका झन गहिरो बनाएको छ।

स्थानीयवासीका अनुसार वन क्षेत्रमा दैनिकजसो चेनस–मेसिनको आवाज सुनिन थालेको छ भने हरियाली क्षेत्र धमाधम उजाडिँदै गएको छ।

वन संरक्षणका नाममा गठन गरिएका सामुदायिक वन उपभोक्ता समिति नै अहिले वन विनाशको केन्द्र बन्न थालेको आरोपसमेत उठ्न थालेको छ । संरक्षण र व्यवस्थापनको जिम्मा पाएका निकाय मौन बस्दा बहुमूल्य वन सम्पदा तीव्र गतिमा नष्ट भइरहेको भन्दै स्थानीयले गम्भीर चिन्ता व्यक्त गरेका छन्।

एउटा सालको पोथ्रा हुर्किन कम्तीमा २० वर्ष लाग्छ। तर त्यही रुख काट्न केही मिनेट मात्रै पर्याप्त हुन्छ । दशकौँ लगाएर प्रकृतिले निर्माण गरेको वन सम्पदा अल्पकालीन स्वार्थका लागि विनाश गरिनु वातावरणीय दृष्टिले भयावह परिणाम निम्त्याउने चेतावनी विज्ञहरूले दिएका छन्।

वन फँडानीको प्रत्यक्ष असर अहिले नै देखिन थालेको छ । तराई क्षेत्रमा तापक्रम अस्वाभाविक रूपमा बढ्दै गएको, खडेरीको समस्या गहिरिँदै गएको तथा वर्षा प्रणाली अनियमित बन्दै गएको अवस्था छ। जलवायु परिवर्तनको जोखिम दिनप्रतिदिन बढिरहेका बेला हरिया वनहरू नै मासिँदा भविष्यमा तराई क्षेत्र मरुभूमिकरणतर्फ धकेलिने खतरा बढेको छ । वन ऐन, २०७६ ले हरिया रुखको अवैध कटानी, वन अतिक्रमण तथा वातावरण विनाशलाई गम्भीर अपराध मानेको छ । ऐनअनुसार अनुमति बिना हरिया रुख काट्ने, वन पैदावारको दुरुपयोग गर्ने वा वन क्षेत्र नष्ट गर्ने व्यक्तिलाई जरिवाना र कैदसम्मको व्यवस्था छ । तर व्यवहारमा भने वन माफिया, केही कर्मचारी र स्थानीय प्रभावशाली समूहको मिलेमतोमा कानूनलाई नै चुनौती दिइँदै आएको आरोप लाग्ने गरेको छ।

स्थानीयले डिभिजन वन कार्यालय बाराको भूमिकामाथि समेत प्रश्न उठाएका छन्। सुकेका रुख हटाउने सीमित स्वीकृतिलाई आधार बनाएर हरिया बहुमूल्य रुख कटान भइरहेको भएपनि सम्बन्धित निकायले प्रभावकारी अनुगमन नगरेको उनीहरूको आरोप छ। यदि तत्काल नियन्त्रण नगर्ने हो भने केही वर्षमै सामुदायिक वनको अस्तित्व नै संकटमा पर्ने चेतावनी स्थानीयको छ।

वन केवल काठ उत्पादन गर्ने स्रोत मात्र होइन, वातावरणीय सन्तुलनको आधार पनि हो । वनले जलस्रोत संरक्षण, तापक्रम नियन्त्रण, जैविक विविधताको संरक्षण तथा प्राकृतिक विपद् न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्छ । तर संरक्षण गर्नुपर्ने निकायकै संरक्षणमा वन विनाश भइरहेको आरोपले राज्य संयन्त्रमाथि गम्भीर प्रश्न खडा गरेको छ । स्थानीयवासी तथा वातावरण संरक्षणकर्मीहरूले तत्काल उच्चस्तरीय छानबिन गरी अवैध कटानी रोक्न, दोषीमाथि कडा कारबाही गर्न तथा सामुदायिक वन क्षेत्रको संरक्षण सुनिश्चित गर्न माग गरेका छन्।

अन्यथा, अहिले भइरहेको वन फँडानीले निकट भविष्यमा तराईलाई हरियाली होइन, धूलो र सुख्खा मरुभूमिमा परिणत गर्ने खतरा बढ्दै जाने निश्चित देखिन्छ।

बाँकी पृष्ठ २ मा

## मौलापुरमा 'घुमुवा आतंक' !
# तस्करी संरक्षणमा घुमुवा गिरी सक्रियताको आरोप





**मधेशदृष्टि**
**रौतहट।**
मौलापुर क्षेत्रमा कार्यरत घुमुवा प्रहरी जवानमाथि सीमा तस्करी संरक्षणदेखि अवैध असुलीसम्मका गम्भीर आरोप सार्वजनिक भएपछि स्थानीयस्तरमा तीव्र असन्तोष फैलिएको छ । इलाका प्रहरी कार्यालय मौलापुरमा कार्यरत घुमुवा प्रहरी जवान दिपक गिरीले भारतसँग जोडिएको सीमावर्ती क्षेत्रमा तस्करसँग मिलेमतो गर्दै असुली आतंक मच्चाएको स्थानीयको आरोप छ।

स्थानीयवासीका अनुसार नेपाल–भारत सीमा हुँदै हुने अवैध कारोबारलाई नियन्त्रण गर्नुको सट्टा गिरीले उल्टै तस्करसँग नियमित रकम उठाउने, संरक्षण दिने तथा सुरक्षाकर्मीको आडमा तस्करीलाई सहज बनाउने काम गर्दै आएका छन् । उनी इलाका प्रहरी कार्यालय मौलापुरका इन्चार्ज प्रहरी निरीक्षक भरत केसीका 'विश्वासिला व्यक्ति' का रूपमा परिचित रहेको र सोही आडमा निर्भीक रूपमा गतिविधि सञ्चालन गरिरहेको आरोप स्थानीयले लगाएका छन्।

सीमावर्ती क्षेत्रमा पछिल्लो समय कपडा, खाद्यान्न, हार्डवेयर, मोटरसाइकलका पार्टपुर्जा लगायत विभिन्न सामग्रीको तस्करी तीव्र रूपमा बढेको स्थानीय बताउँछन् । रातिको समयमा खुला रूपमा हुने ओसारपसारमा प्रहरीकै संरक्षण रहेको भन्दै स्थानीयले प्रश्न उठाएका छन् । 'प्रहरीले चाहेको भए तस्करी एकदिन पनि टिक्दैन थियो, तर यहाँ त उल्टै प्रहरीकै सेटिङमा धन्दा चलिरहेको छ,' एक स्थानीयले गुनासो गरे।

प्रहरी जवान दिपक गिरीको दरबन्दी जिल्ला प्रहरी कार्यालय बारामा रहेपनि उनी विगत चार वर्षदेखि निरन्तर इलाका प्रहरी कार्यालय मौलापुरमै कार्यरत रहेको बताइएको छ । सामान्यतया लामो समय एउटै क्षेत्रमा प्रहरी कर्मचारी राखिँदा शक्ति केन्द्र निर्माण हुने र स्थानीय तहमा अनौपचारिक नेटवर्क बलियो बन्ने जोखिम रहने विज्ञहरूको भनाइ छ । तर गिरी भने पटक–पटक त्यही क्षेत्रमा बसाइँ कायम राख्न सफल भएको स्रोतको दाबी छ।

स्थानीयका अनुसार गिरीले तस्करहरूसँग 'महिनावारी' असुल्ने गरेको चर्चा खुला रूपमा हुने गरेको छ । रकम नदिने तस्करलाई दुःख दिने, सामान नियन्त्रणमा लिने तथा रकम मिलाउनेसँग सहज व्यवहार गर्ने शैलीले सीमा क्षेत्रमा प्रहरीमाथिको विश्वास कमजोर बन्दै गएको स्थानीयको भनाइ छ।

सीमावर्ती क्षेत्रमा सक्रिय तस्कर समूहसँग घनिष्ठ सम्बन्ध बनाएका गिरीले माथिल्लो तहका अधिकारीलाई समेत 'खुसी' पार्दै आफ्नो प्रभाव कायम राखेको आरोप लागिरहेको छ । यही कारण उनीविरुद्ध पटक–पटक गुनासो उठ्दा पनि कुनै प्रभावकारी अनुसन्धान वा कारबाही हुन नसकेको स्थानीयको दाबी छ।

यता, प्रहरी संगठनभित्रै पनि एउटै क्षेत्रमा लामो समय बसेर काम गर्ने प्रहरी कर्मचारीमाथि निगरानी आवश्यक रहेको आवाज उठ्न थालेको छ । सीमा सुरक्षाजस्तो संवेदनशील क्षेत्रमा प्रहरीकै संलग्नतामा तस्करी मौलाएको आरोपले संगठनको विश्वसनीयतामाथि गम्भीर प्रश्न खडा गरेको छ।

स्थानीयले जिल्ला प्रहरी कार्यालय रौतहट तथा मधेश प्रदेश प्रहरी कार्यालयसँग घटनाबारे निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन् । सीमा क्षेत्रमा हुने तस्करी नियन्त्रणका नाममा खटाइएका सुरक्षाकर्मी नै तस्करी संरक्षणमा संलग्न भएको आरोपले राज्य संयन्त्रमाथि नागरिकको भरोसा कमजोर बनाएको भन्दै उनीहरूले तत्काल हस्तक्षेप आवश्यक रहेको बताएका छन्

# कांग्रेस प्रदेश स्वास्थ्यमन्त्री फेर्ने तयारीमा





**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसले मधेश प्रदेश सरकारमा सीमित मन्त्री हेरफेर गर्ने तयारी थालेको छ । पार्टीभित्र बढ्दो असन्तुष्टि र अनुशासनसम्बन्धी विवादका बीच स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल रायको पद जोखिममा परेको चर्चा तीव्र बनेको हो।

कांग्रेस स्रोतका अनुसार प्रतिनिधिसभा निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवारविरुद्ध असहयोग गरेको आरोप खेपिरहेका मन्त्री रायलाई सरकारबाट फिर्ता बोलाउने विषयमा आन्तरिक छलफल भइरहेको छ । उनको स्थानमा सर्लाहीबाट निर्वाचित प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री वीरेन्द्र कुमार सिंहलाई स्वास्थ्य मन्त्रालयको जिम्मेवारी दिने सम्भावना रहेको बताइएको छ।

यद्यपि, मन्त्री परिवर्तनबारे पार्टी नेतृत्व वा प्रदेश सरकारका तर्फबाट औपचारिक निर्णय सार्वजनिक भइसकेको छैन।

पछिल्लो समय कांग्रेसभित्र अनुशासनको विषयलाई लिएर विवाद चर्किँदै गएको छ । कांग्रेस केन्द्रीय अनुशासन समितिले वैशाख १६ गते निर्वाचनमा पार्टीविरुद्ध गतिविधि गरेको आरोपमा विभिन्न तहका सात जना नेता तथा जनप्रतिनिधिसँग स्पष्टीकरण मागेको थियो । पाँच दिनभित्र लिखित जवाफ बुझाउन भनिएकामध्ये मधेश प्रदेशका स्वास्थ्य मन्त्री राय पनि परेका थिए।

समितिले देवकरण प्रसाद कलवार, प्रदीप सुनुवार, प्रचण्ड विक्रम न्यौपाने, प्रदेशसभा सदस्य राजु खनाल, सकुन्ती देवी महरा र कौशल किशोर रायसँग पनि स्पष्टीकरण मागेको थियो।

कांग्रेसभित्र केही नेताले बुझाएको स्पष्टीकरण चित्तबुझ्दो नभएको तथा कतिपयले अझै जवाफ नदिएको चर्चा छ । त्यसैका आधारमा अनुशासन समितिले थप कारबाही प्रक्रिया अघि बढाउने तयारी गरेको स्रोतको दाबी छ । यही कारण मन्त्री रायमाथि सरकारबाट बाहिरिने दबाब बढेको बताइन्छ । मुख्यमन्त्री कृष्णप्रसाद

बाँकी पृष्ठ २ मा

# दुर्गा प्रसाईं तीन दिन प्रहरी हिरासतमै रहने



**मधेशदृष्टि**
**वीरगंज।**
मेडिकल व्यवसायी तथा राष्ट्र, राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउन महाअभियान नेपालका संयोजक दुर्गा प्रसाईंलाई प्रहरीले पर्सा जिल्ला अदालतमा हाजिर गराएको छ । प्रसाईंमाथि अनुसन्धान गर्न प्रहरीले अदालतबाट थप तीन दिनको अनुमति पाएको छ।

सोमबार राति वीरगंजस्थित होटल सिद्धार्थ दियालोबाट पक्राउ परेका प्रसाईंलाई प्रहरीले मंगलबार पर्सा जिल्ला अदालतमा उपस्थित गराएर म्याद लिइएको हो।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार सामाजिक सञ्जालमार्फत उत्तेजक अभिव्यक्ति दिएको, सामाजिक सद्भावमा असर पर्ने गतिविधि सञ्चालन गरेको तथा राज्यविरुद्ध उक्साउने प्रकृतिका गतिविधिमा संलग्न रहेको भन्ने उजुरीका आधारमा उनीमाथि अनुसन्धान अघि बढाइएको छ।

प्रसाईंमाथि विद्युतीय कारोबार ऐन तथा सार्वजनिक शान्तिविरुद्धको कसुरअन्तर्गत अनुसन्धान भइरहेको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायवउपरिक्षक हरिबहादुर बस्नेतले बताए । प्रसाईंलाई पक्राउ गर्न गएका बेला प्रहरी र प्रसाईंका समर्थक बिच वादविवादसमेत भएको थियो । त्यतिबेला के कारणले पक्राउ गरिएको हो भन्ने प्रहरीले प्रष्ट बताउन सकेन । प्रसाईं सोमबार सिमरा विमानस्थल हुँदै वीरगंज आइपुगेका थिए।

मंगलबार वीरगंजस्थित शक्तिपीठ गहवा माई मन्दिरमा पूजापाठ गर्ने कार्यक्रम रहेको उनले बताएका थिए । प्रसाईं पक्राउ परेलगत्तै उनका समर्थकले वीरगंजमा विरोध प्रदर्शन गरेका थिए।

# कार्यान्वयन हुने किसिमका नीति तथा कार्यक्रम ल्याउन सुझाव




**कर्णाली।**
कर्णाली प्रदेश सरकारले दुई सातादेखि यहाँस्थित विभिन्न सरोकारवालाहरूसँग आगामी आर्थिक वर्ष २०८३÷८४ को नीति तथा कार्यक्रम र बजेटमाथि छलफल गरिरहेको छ।

प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले सुर्खेत वीरेन्द्रनगरमा आगामी आवको 'नीति तथा कार्यक्रम र बजेट तथा राजस्व परामर्शसम्बन्धी अन्तक्रिया, सुझाव सङ्कलन' विषयक छलफल सम्पन्न गर्यो।

यसअघि जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिका राष्ट्रिय महासङ्घका पदाधिकारी एवं सदस्य, स्थानीय तहका जनप्रतिनिधि, विकास साझेदार निकाय तथा दलका प्रमुखहरूसँग छलफल गरेको थियो। त्यसैगरी, निजी क्षेत्र, व्यवसायी, उद्योगपतिहरूसँग समेत छलफल गरेको छ।

कर्णालीको दीर्घकालीन विकास, मानव विकास सूचाङ्क र कुल गार्हस्थ्य उत्पादनमा वृद्धि गर्ने तथा यहाँका नागरिकहरूको जीवनस्तर उकास्ने उत्पादनमुखी, जनमुखी र परिणाममुखी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने हेतुले प्रदेश सरकारले सबै सरोकारवालासँग परामर्श, छलफल, अन्तक्रिया र सुझाव सङ्कलन गर्दै आएको छ।

कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव लीलाप्रसाद शर्माले कर्णालीको विकास र समृद्धिलाई सम्बोधन गर्न सकिने सम्भावनायुक्त विषयहरूबारे साझा धारणा निर्माण गर्ने ध्येयले छलफल गरिएको बताए। उनले कर्णाली प्रदेशको समग्र आर्थिक परिदृश्यबारे जनाउँदै जलस्रोतको सदुपयोगबाट विद्युत् उत्पादन तथा पर्यटन प्रवद्र्धन गर्न सरकारले निजी क्षेत्र, गैरआवासीय नेपाली नागरिक, वित्तीय सङ्घसंस्था र कर्णालीवासीबीच सहकार्य आवश्यक भएको सन्दर्भ प्रस्तुत गरे।

पूर्वमुख्यमन्त्री तथा नेपाली कांग्रेस कर्णाली प्रदेशसभाका दल नेता जीवनबहादुर शाहीले नेपालको कुल गार्हस्थ्य उत्पादन कर्णालीको योगदान करिब चार प्रतिशतमात्र भएको बताउँदै सडक पूर्वाधार निर्माणमा जोड दिएर जलविद्युत्, जडीबुटी, पर्यटन, वन, कृषि र पर्यावरण संरक्षण तथा प्रवद्र्धन गर्ने नीति तथा कार्यक्रम र बजेट निर्माण गर्नुपर्नेमा जोड दिए।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) कर्णाली प्रदेशसभा दल नेता मङ्गलबहादुर शाहीले प्रदेश सरकारले ल्याउने कर्णालीमा लगानीकर्तालाई आकर्षण, युवा जनशक्तिलाई रोजगारी प्रदान गर्ने र प्रदेशलाई आत्मनिर्भरताको बाटोमा लैजाने नीति, त्यसअनुसारको कार्यक्रम र बजेट निर्माण गर्नुपर्ने सुझाव दिए। रासस

### अतिक्रमण हटाउने प्रक्रिया अगाडि बढाएसँगै

# स्थानीयहरुद्वारा राजमार्ग अवरुद्ध

**मधेशदृष्टि**
**महोत्तरी।**
डिभिजन वन कार्यालय महोत्तरीले अतिक्रमित जग्गामा घरटहरा हटाउने प्रक्रिया अगाडि बढाएपछि स्थानीयहरुले राजमार्ग अवरुद्ध गरेका छन् । वन अतिक्रमित क्षेत्रमा आवासीय पसल सञ्चालन गरेका ती घरटहरा हटाउन खोजेपछि स्थानीयहरुले टायर बालेर पूर्व पश्चिम राजमार्ग अवरुद्ध गरेका छन्।

व्यापक मात्रामा सुरक्षाकर्मीसहित डोजर लिई त्यहाँका घर भत्काउन खोज्दा उनीहरु आन्दोलित भएका ईलाका प्रहरी कार्यालय बर्दिवासले जनाएको छ। विहान साढे ८ बजेदेखि शुरु भएको आन्दोलन विहान १० वजे वार्तामार्फत सहमति भएपछि आन्दोलन स्थगित भएको र राजमार्ग खुला भएको प्रहरीले जनाएको छ।

बर्दिवास नगरपालिका–५ का वडाअध्यक्ष कारमान स्याङ्गवासँग उक्त घरहरु निर्माण गरिएकामध्ये हुकुम्वासीलाई घर खाली गराउने शर्तमा आजको लागि घरटहरा हटाउने प्रक्रिया स्थगित भएको हो । यसभन्दा अगाडि त्यहाँ निर्माण गरिएको घरटहरा हटाउनका लागि डिभिजन वन कार्यालय महोत्तरीले १५ दिने, ७ दिने र ३ दिने सार्वजानिक सूचना जारी गरिएको डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजयकुमार मिश्रले बताए।

# चुरे संरक्षणका लागि मेची–महाकाली जनजागरण अभियान जनकपुरधाममा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
चुरे तथा वनजंगल संरक्षण अभियानअन्तर्गत देशभर सञ्चालन गरिएको जनजागरण तथा हस्ताक्षर अभियान जनकपुरधाम पुगेको छ। मेचीदेखि महाकालीसम्म सञ्चालन भइरहेको अभियानले चुरे दोहन, वन विनाश र नदी–नालामाथिको अतिक्रमणविरुद्ध जनमत निर्माण गर्ने उद्देश्य लिएको जनाएको छ।

अभियानका राष्ट्रिय संयोजक सुनिल यादव का अनुसार चुरे क्षेत्रमा तीव्र रूपमा भइरहेको अवैध गिट्टी–बालुवा उत्खनन, वन अतिक्रमण, जडीबुटी तस्करी तथा नदी प्रदूषणले वातावरणीय संकट गहिरिँदै गएको छ । यही अवस्थाप्रति जनचेतना फैलाउन र संरक्षणका लागि दबाब सिर्जना गर्न हस्ताक्षर अभियान सुरु गरिएको उनले बताए।



उनले अवैध उत्खननका कारण नदी तथा खोला नाङ्गिँदै गएको, पहाड र चुरे क्षेत्रबाट बहुमूल्य जडीबुटी तस्करी भइरहेको तथा खुला चरिचरण र अतिक्रमणका कारण वनजंगल विनाश हुँदै गएको उल्लेख गरे । देशभरका नदी–नालाहरू प्रदूषित र अतिक्रमणको चपेटामा परेको भन्दै उनले समयमै संरक्षणका लागि प्रभावकारी कदम नचालिए तराई–मधेश क्षेत्र मरुभूमिमा परिणत हुन सक्ने चेतावनी दिए।

अभियानले सरकारसमक्ष चुरे दोहन तत्काल बन्द गर्न, अवैध उत्खनन तथा तस्करीमा संलग्नमाथि कडा कारबाही गर्न, वन अतिक्रमण रोक्न तथा नदी–नालालाई प्रदूषणमुक्त बनाउन माग गरेको छ। साथै चुरे क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्न पनि सरकारसँग आग्रह गरिएको छ। अभियानअन्तर्गत संकलित हस्ताक्षर संघीय सरकारलाई बुझाउने तयारी गरिएको आयोजकले जनाएको छ।

# एसईईमा उत्कृष्ट अंक ल्याउने विद्यार्थी सम्मानित


**मधेशदृष्टि**
**वीरगंज।**
यस बर्ष एसइई परिक्षामा ठोरी गाउँपालिका स्तरीय उत्कृष्ट अंक हासिल गरेका विद्यार्थीलाई कर्ण स्मृति केन्द्र ठोरीले नगद सहित सम्मान गरेको छ।

सम्मानीत हुनेहरूमा ३.८० जिपिए प्राप्त गरि ठोरी गाउँपालिका स्तरमा प्रथम स्थान हासिल गरेकी छात्रा अंशु खनाललाई सो क्षेत्रका प्रतिनिधी सभा सदस्य टेकबहादुर शाक्यले २१ हजार नगद र सम्मान पत्र प्रदान गरेका थिए। नगद रकम सांसद शाक्यद्वारा यस अघि घोषित विद्यार्थी उत्प्रेरणा कार्यक्रम अन्तगर्त नीजि रकम प्रदान गरेका हुन्।

यसैगरि ३.७६ जिपिएसहित गापा दोस्रो स्थान हासिल गरेका अञ्जन अर्याललाई केन्द्रको अक्षय कोषबाट नगद पाँच हजार रुपैया सहित सम्मानीत गरिएको छ । कार्यक्रममा, बैदेशीक रोजगारीमा रहेका उक्त विद्यालयका पूर्व विद्यार्थी गृहेन्द्र सिलवालले पठाएको २५ हजार रुपैयाँ नगद पनि, ठोरी २ का वडाअध्यक्ष अमृतकृष्ण सापकोटा र गृहेन्द्रका पिता श्यामबहादुर सिलवालले संयुक्तरूपमा अंशुलाई हस्तान्तरण गरेका थिए।

सो अवसरमा यस बर्ष पालिकामा अधिक प्रतिशत विद्यार्थी उतिर्ण गराउन सफल ओडार माविलाई कार्यक्रमका मुख्य अतिथी सांसद शाक्यले सम्मानपत्र प्रदान गरेका थिए । केन्द्रका संयोजक लिलामणी श्रेष्ठले स्वागत र शिक्षक रमेश नेपालले सहजीकरण गरेको कार्यक्रममा समाजसेवी सन्तोष श्रेष्ठ, धीरसिंह घिमिरेलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

# प्रहरी निरीक्षक श्यामसुन्दर यादव 'बेस्ट पुलिस अफ द मन्थ' घोषित



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल प्रहरी प्रदेश कार्यालय कर्मचारी प्रशासन शाखा वीरगंजमा दरबन्दी रही हाल जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकमा कार्यरत प्रहरी निरीक्षक श्यामसुन्दर यादव २०८३ वैशाख महिनाका लागि 'बेस्ट पुलिस अफ द मन्थ' घोषित भएका छन् । उत्कृष्ट कार्यसम्पादन, कर्तव्यनिष्ठा र जिम्मेवार भूमिकाको मूल्यांकन गर्दै जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले उनलाई उक्त सम्मान प्रदान गरेको हो। कार्यालय प्रमुख प्रहरी उपरीक्षक कोमल शाहले प्रहरी निरीक्षक यादवको कार्यक्षमता, सक्रियता र प्रभावकारी नेतृत्वको प्रशंसा गर्दै सम्मानित गरेको जनाइएको छ।

पछिल्लो समय लागुऔषध नियन्त्रणदेखि जोखिमपूर्ण उद्धार कार्यसम्म उनले निर्वाह गरेको भूमिकालाई आधार बनाएर उनलाई उत्कृष्ट प्रहरीको रूपमा छनोट गरिएको प्रहरीले जनाएको छ। प्रहरी निरीक्षक यादवले २०८३ वैशाख १० गते धुलिखेल नगरपालिका–१२ पिप्ले क्षेत्रमा सञ्चालन गरिएको खानतलासी अभियानमा उल्लेखनीय सफलता हासिल गरेका थिए । बलराम तामाङ र रञ्जु तामाङको घरमा गरिएको खोजतलासका क्रममा प्रहरीले लागुऔषध गाँजाको बोटसहित १८ केजी २१ ग्राम गाँजा तथा २१० ग्राम पोल्याण्ड बरामद गरेको थियो। घटनामा संलग्न दुवै व्यक्तिलाई नियन्त्रणमा लिएर कानुनी प्रक्रियामा ल्याउन यादवकै नेतृत्वमा खटिएको टोली सफल भएको बताइएको छ।

त्यसैगरी, उनले उद्धार कार्यमा पनि महत्वपूर्ण भूमिका खेलेका थिए । २०८२ चैत १३ गते नमोबुद्ध नगरपालिका–६ चौकीडाँडास्थित बीपी राजमार्ग अन्तर्गत रोशी खोलामा आएको जोखिमपूर्ण अवस्थामा फसेको ईभी गाडी र मोटरसाइकलमा रहेका सात जना यात्रुको उद्धार कार्यमा यादवले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । उनको कमाण्डमा परिचालित प्रहरी टोलीले खोलाको बीचभागमा ढुंगामाथि फसेर जोखिममा परेका यात्रुलाई सुरक्षित रूपमा उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण गरेको थियो। प्रतिकूल परिस्थितिमा समेत संयमता र साहसका साथ सञ्चालन गरिएको उक्त उद्धार कार्यलाई स्थानीय स्तरमा समेत प्रशंसा गरिएको थियो।

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले प्रहरी निरीक्षक यादवले जिम्मेवारीप्रति इमान्दार, अनुशासित र परिणाममुखी ढंगले काम गरेको निष्कर्ष निकाल्दै उनलाई 'बेस्ट पुलिस अफ द मन्थ' घोषणा गरिएको जनाएको छ । प्रहरीले संगठनभित्र उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई प्रोत्साहन गर्ने उद्देश्यले यस्तो मूल्यांकन प्रणालीलाई निरन्तरता दिँदै आएको छ।

# हर्क साम्पाङले मंगलबार पनि प्रतिनिधिसभामा पर्चा देखाएर विरोध जनाए



**काठमाडौं।**
श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले मंगलबार पनि प्रतिनिधिसभा बैठक विरोध जनाएका छन्। बैठक शुरु हुनासाथ उठेर उनले हातमा प्लेकार्ड प्रदर्शन गरे । प्रधानमन्त्री र मन्त्रीहरुलाई सदनप्रति जवाफदेही बनाउन उनले प्लेकार्ड प्रदर्शन गरेका हुन्।

सभामुख डीपी अर्यालले साम्पाङलाई यो विषयमा ध्यानाकर्षण भएको भन्दै सचिवालयसँग कुरा गर्ने बताएपछि प्रतिनिधिसभा बैठक अगाडि बढेको छ । यसअघि हिजोको बैठकमा पनि श्रम संस्कृति पार्टीका सदस्यहरुले पर्चा देखाएर विरोध प्रदर्शन गरेका थिए। रासस

# लिचीबारी भ्रष्टाचार...

धरौटी माग गर्ने निर्णय गरेको हो। सर्वोच्च अदालतको इजलास नम्बर ७ अन्तर्गत न्यायाधीश शारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले मंगलबार आदेश जारी गरेको हो। यससँगै विशेष अदालतले पूर्वमन्त्री गुप्तालाई थुनामा राखेर अनुसन्धान अगाडि बढाउन दिएको आदेश बदर भएको छ।

सर्वोच्च अदालतका प्रवक्ता तथा सहरजिस्ट्रार अर्जुनप्रसाद कोइरालाका अनुसार अदालतले धरौटी माग गर्ने आदेश गरे पनि त्यससम्बन्धी विस्तृत लिखित आदेश भने अझै सार्वजनिक भइसकेको छैन। लिखित आदेश सार्वजनिक भएपछि मात्र गुप्तासँग कति रकम धरौटी माग गरिएको हो भन्ने विषय स्पष्ट हुने उनले जानकारी दिए । अदालतको लिखित आदेश बुधबार आउने अपेक्षा गरिएको छ।

यसअघि विशेष अदालतले पूर्वमन्त्री गुप्तालाई थुनामै राखेर अनुसन्धान प्रक्रिया अगाडि बढाउन आदेश दिएको थियो । २०८२ पुस १६ गते विशेष अदालतका न्यायाधीश सुदर्शनदेव भट्ट, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइराला सम्मिलित इजलासले गुप्ताविरुद्धको मुद्दामा थुनछेक आदेश जारी गरेको थियो । विशेष अदालतको निर्णयविरुद्ध गुप्ताको पक्षले सर्वोच्च अदालतमा पुनरावेदन गरेको थियो। सोही निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्चले थुनामा राख्ने आदेशलाई बदर गरी धरौटीमा रिहा गर्न बाटो खुला गरेको हो।

लिचीबारी भ्रष्टाचार प्रकरण पछिल्लो समय राजनीतिक तथा प्रशासनिक वृत्तमा निकै चर्चामा रहेको छ।

पूर्वमन्त्रीमाथि लागेको आरोप र अदालतका पछिल्ला आदेशले यो प्रकरणलाई थप चासोको विषय बनाएको छ।

# कांग्रेस प्रदेश स्वास्थ्यमन्त्री...

यादव नेतृत्वको सरकार बने यता कांग्रेसभित्र मन्त्रालय सञ्चालन, निर्णय प्रक्रिया र राजनीतिक समन्वयलाई लिएर असन्तुष्टि रहँदै आएको छ।

सरकारमा सहभागी कांग्रेसका केही नेताले पार्टीको प्रभाव कमजोर बन्दै गएको, मन्त्रालय सञ्चालन प्रभावकारी हुन नसकेको तथा संगठनसँग पर्याप्त समन्वय नभएको गुनासो गर्दै आएका छन्।

यद्यपि, कांग्रेस तत्काल सरकारको नेतृत्व परिवर्तन गर्ने पक्षमा भने नरहेको बताइएको छ। अहिले सीमित मन्त्री फेरबदलमार्फत आन्तरिक असन्तुष्टि व्यवस्थापन गर्ने रणनीतिमा पार्टी अघि बढेको स्रोतको भनाइ छ।

मन्त्री राय २०८२ पुसमा मुख्यमन्त्री यादवको सिफारिसमा स्वास्थ्य तथा जनसंख्या मन्त्री बनेका थिए। पदभार ग्रहणपछि उनले प्रदेशका स्वास्थ्य संस्थाको सुधार, सेवा विस्तार र कर्मचारी व्यवस्थापनलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

यता, सम्भावित नयाँ मन्त्रीका रूपमा चर्चामा रहेका वीरेन्द्र कुमार सिंह कांग्रेसभित्र सक्रिय र संगठनसँग समन्वय गर्न सक्ने नेताका रूपमा चिनिन्छन् । यसअघि पनि प्रदेश सरकारमा जिम्मेवारी सम्हालिसकेका सिंहलाई पार्टीले सन्तुलित विकल्पका रूपमा अघि सार्न खोजेको चर्चा छ।

### अदालतको अवहेलना मुद्दामा

# अन्सारी र मियाँसँग लिखित जवाफ माग

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय सम्पदा तथा सार्वजनिक सम्पति संरक्षण मञ्च पर्साका अध्यक्ष जाफर अन्सारी र महासचिव मंजरुलहक मियाँविरुद्ध दायर अदालतको अवहेलना मुद्दामा सर्वोच्च अदालतले लिखित जवाफ पेश गर्न आदेश दिएको छ । ७३ वर्षीय अन्सारी र ६३ वर्षीय मियाँलाई अदालतले सात दिनभित्र आफ्नो स्पष्टीकरणसहित लिखित जवाफ बुझाउन निर्देशन दिएको हो। गत वैशाख ३० गते अधिवक्ता प्रभाकर मण्डलले दायर गरेको मुद्दा नम्बर ०८२ एपी ०६४१ माथि सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश महेश शर्मा पौडेल र शान्ति सिंह थापाको संयुक्त इजलासले उक्त आदेश जारी गरेको हो। अदालतले सूचना प्राप्त भएको मितिबाट बाटोको म्याद बाहेक सात दिनभित्र आफैं वा कानुनबमोजिम प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्न भनेको छ। सर्वोच्च अदालतले जेठ ४ गते जारी गरेको आदेशमा प्रेस विज्ञप्ति प्रकाशन तथा प्रसारणमार्फत अदालतको मर्यादा, निष्पक्षता र न्याय प्रशासनमा प्रतिकूल असर पर्ने गतिविधि गरिएको दाबी गरिएको उल्लेख छ । निवेदकले त्यसलाई अदालतको अवहेलना भएको भन्दै कारबाहीको माग गरेका छन्।

अदालतको आदेशमा 'निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? यदि आदेश जारी हुनु नपर्ने भए त्यसको आधार र कारणसहित लिखित जवाफ पेश गर्नू' भनिएको छ। यो विवाद नेशनल मेडिकल कलेजसँग जोडिएको पुरानो कानुनी प्रकरणसँग सम्बन्धित रहेको जनाइएको छ । २०५६ सालमा सर्वोच्च अदालतमा दायर गरिएको उत्प्रेषणयुक्त प्रतिषेध रिटमार्फत नेशनल मेडिकल प्रा.लि.ले शिक्षा मन्त्रालय तथा उच्च प्राविधिक शिक्षा तथा अनुमति समितिबाट प्राप्त गरेको अनुमतिसम्बन्धी विषय उठाइएको थियो।

मुद्दामा नेपाल मुस्लिम वेलफेयर सोसाइटीले उपलब्ध गराएको मनसायपत्रको अनधिकृत प्रयोग गरी नेशनल मेडिकल कलेज प्रा.लि. दर्ता गरिएको आरोप लगाइएको थियो। सोसाइटीको हकहित पुनःस्थापना गर्न माग गर्दै अदालतमा रिट दायर गरिएको भएपनि सर्वोच्च अदालतबाट सो पक्षमा फैसला नभएको उल्लेख गरिएको छ । त्यसपछि काठमाडौं जिल्ला अदालतमा दायर गरिएको जालसाजी मुद्दामा पनि वादी पक्षको दाबी नपुग्ने फैसला भएको जनाइएको छ । उक्त फैसला पुनरावेदन अदालत हुँदै सर्वोच्च अदालतसम्म पुगे पनि निवेदनले निस्सा नपाएको र अन्ततः अदालतको निर्णय विपक्षीकै पक्षमा कायम रहेको विषय मुद्दामा उल्लेख गरिएको छ।



यस प्रकरणमा सार्वजनिक रूपमा जारी गरिएका अभिव्यक्ति र विज्ञप्तिले न्यायालयको गरिमा प्रभावित पारेको दाबी गर्दै अदालतले अब सम्बन्धित पक्षसँग औपचारिक जवाफ माग गरेको हो।

# कृषि बन्धुवा मजदुर समुदायको पुनःस्थापना अझै अधुरो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राज्यको कमजोर इच्छाशक्ति र प्रभावकारी कार्यान्वयनको अभावका कारण नेपालका मुक्त कमैया, हलिया, कमलरी र हरवाचरवा समुदायको पुनःस्थापना अझै पूर्ण रूपमा हुन नसकेको निष्कर्ष निकालिएको छ।

राष्ट्रिय कृषि बन्धुवा मजदुर संयुक्त संघर्ष समितिले मंगलबार काठमाडौंमा आयोजना गरेको 'मुक्त हरवाचरवा, हलिया, कमैया र कमलरीको पहिचान, व्यवस्थित पुनःस्थापना हाम्रो सरोकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार' विषयक नीतिगत संवाद कार्यक्रममा सहभागीहरूले यस्तो धारणा राखेका हुन् । कार्यक्रममा वक्ताहरूले नेपाल सरकारले विभिन्न समयमा कृषि बन्धुवा मजदुरी प्रथाको अन्त्य घोषणा गरे पनि प्रभावित समुदायको जीवनस्तरमा अपेक्षित सुधार आउन नसकेको बताए । सरकारले वि.सं. २०५७ मा कमैया, २०६५ मा हलिया, २०७० मा कमलरी तथा २०७९ साउन २ गते हरवाचरवाको मुक्ति घोषणा गरेको थियो । तर, घोषणा पश्चात् पुनःस्थापना, रोजगारी, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी रूपमा लागू हुन नसकेको गुनासो उठाइएको थियो।

विशेषगरी हरवाचरवा समुदायको हकमा मुक्ति घोषणा भएको झण्डै तीन वर्ष बितिसक्दा पनि तथ्यांक संकलन, प्रमाणीकरण र पुनःस्थापनाको काम सुस्त गतिमा रहेको सहभागीहरूको भनाइ थियो।

संघर्ष समितिका अनुसार हालसम्म ३२ हजार ५०९ मुक्त कमैया र १४ हजार २४२ मुक्त हलिया परिवारले परिचयपत्र प्राप्त गरेका छन् । त्यसमध्ये २५ हजार १९५ मुक्त कमैया तथा १३ हजार ५४६ मुक्त हलिया परिवारले पुनःस्थापना प्याकेज पाइसकेका छन् । तर १ हजार १०४ हलिया परिवारले पुनःस्थापनाको अन्तिम किस्ता रकम पाउन बाँकी रहेको तथा १ हजार १३५ हलिया परिवार अझै पुनःस्थापनाको प्रतीक्षामा रहेको जनाइएको छ।

त्यस्तै, देशभर १२ हजार ९७० मुक्त कमलरी पहिचान भए पनि हजारौं परिवार अझै पहिचान, प्रमाणीकरण र पुनःस्थापनाबाट वञ्चित रहेको कार्यक्रममा जानकारी दिइयो।

कार्यक्रममा बोल्दै प्रतिनिधिसभा सदस्य सुरेन्द्र चौधरी ले मुक्त समुदायको पुनःस्थापनाका लागि स्पष्ट 'कटअफ डेट' तोकी प्रभावकारी कार्यान्वयन गर्न सरकारलाई आग्रह गरे । उनले राज्यको संरचनात्मक रूपान्तरणका लागि नीति निर्माण तह संवेदनशील बन्नुपर्ने आवश्यकता औंल्याए।

प्रतिनिधिसभा सदस्य ठाकुर सिंह थारु ले कृषि बन्धुवा मजदुरको मुद्दा मानवअधिकारसँग प्रत्यक्ष जोडिएको विषय भएकाले राज्यले सम्मान, संरक्षण र परिपूर्ति सुनिश्चित गर्नुपर्ने धारणा राखे।

त्यसैगरी, प्रतिनिधिसभा सदस्य गणेशबहादुर विश्वकर्मा ले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत गठित अध्ययन समितिको सिफारिस कार्यान्वयनमा सरकार गम्भीर रूपमा अघि बढ्न नसकेको बताए।

कार्यक्रममा सांसदहरू जगतप्रसाद जोशी, सुरेश चौधरी, श्रीधर पोखरेल र हरिमोहन भण्डारी ले पनि मुक्त समुदायको न्यायोचित पुनःस्थापनाका लागि आफूहरू प्रतिबद्ध रहेको बताएका थिए।

द फ्रिडम फण्डका वालाराम भट्टराई ले अवधारणापत्र प्रस्तुत गर्दै पुनःस्थापनाका लागि पर्याप्त बजेट, स्पष्ट कार्यविधि तथा तीन तहका सरकारबीच समन्वय आवश्यक रहेको बताए।

कार्यक्रममा राष्ट्रिय मुक्त हलिया समाज महासंघका पूर्वअध्यक्ष राजुराम भुल, मुक्त कमैया समाजका महासचिव हरीचन्द्र चौधरी, मुक्त कमलरी विकास मञ्चकी अध्यक्ष सुमिता चौधरी तथा मुक्त हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सदस्य श्यामसुन्दर सदाले समुदायले भोगिरहेका समस्या र पुनःस्थापनाको आवश्यकताबारे धारणा राखेका थिए।

राष्ट्रिय कृषि बन्धुवा मजदुर संयुक्त संघर्ष समितिका अध्यक्ष दशनलाल मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कमैया महिला जागरण समाजकी अध्यक्ष कृष्णी थारुले स्वागत मन्तव्य राखेकी थिइन् भने कार्यक्रम सञ्चालन चन्द्रप्रसाद चौधरीले गरेका थिए।

# सदस्यता शुद्धीकरणको मागसहित पत्रकार महासंघ पर्सामा ज्ञापनपत्र



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल पत्रकार महासंघ पर्सामा सदस्यता शुद्धीकरण तथा नयाँ सदस्यता वितरणको विषय फेरि पेचिलो बनेको छ। यसै विषयलाई लिएर गठित संघर्ष समितिले मंगलबार महासंघ नेतृत्वसमक्ष ज्ञापनपत्र बुझाउँदै तत्काल प्रक्रिया अघि नबढाइए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी दिएको छ । संघर्ष समितिका संयोजक अनुप तिवारी नेतृत्वको टोलीले महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाललाई ज्ञापनपत्र बुझाउँदै विगतमा सञ्चालन गरिएको सदस्यता छानबिन प्रक्रियालाई निरन्तरता दिन माग गरेको हो । समितिले विधानविपरीत तथा अयोग्य व्यक्तिले लिएको सदस्यता खारेज गरी वास्तविक र सक्रिय पत्रकारलाई अविलम्ब सदस्यता उपलब्ध गराउनुपर्नेमा जोड दिएको छ।

ज्ञापनपत्रमा नेपाल पत्रकार महासंघ लोकतान्त्रिक व्यवस्था, प्रेस स्वतन्त्रता र नागरिक भरोसासँग जोडिएको संस्था भएकाले यसको गरिमा जोगाउन विधान, विधि र स्थापित पद्धतिअनुसार निर्णय प्रक्रिया अगाडि बढ्नुपर्ने उल्लेख गरिएको छ । समितिले विगतमा भएका शुद्धीकरण अभियानलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै अहिले पनि त्यही अभ्यासलाई निरन्तरता दिनुपर्ने धारणा राखेको छ। समितिले २०७२ माघ १४ गते महासंघ पर्साका पूर्वअध्यक्ष सत्रुधन नेपालको संयोजकत्वमा गठन गरिएको कार्यदलले तय गरेका सात बुँदे मापदण्डको स्मरण गराएको छ । उक्त मापदण्डका आधारमा अघिल्ला कार्यकालहरूमा सदस्यता छानबिन गरिएको र मापदण्ड पूरा नगर्ने व्यक्तिहरूलाई सदस्यताबाट अलग गरिएको उल्लेख गर्दै अहिले पनि त्यही मापदण्डअनुसार प्रक्रिया अघि बढाउनुपर्ने माग गरिएको छ।

संघर्ष समितिले योग्य, सक्रिय तथा पेशागत रूपमा संलग्न पत्रकारहरू अझै सदस्यताबाट वञ्चित रहेको दाबी गर्दै उनीहरूलाई शीघ्र सदस्यता प्रदान गर्न आग्रह गरेको छ । समितिका अनुसार महासंघभित्र देखिएको सदस्यता विवाद समाधानका लागि पारदर्शी र निष्पक्ष छानबिन आवश्यक छ । समितिले तीन दिनभित्र सदस्यता शुद्धीकरण र नयाँ सदस्यता वितरणका लागि आवश्यक पहल नगरे आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने चेतावनी पनि दिएको छ । आन्दोलनका स्वरूपबारे स्पष्ट नखुलाइए पनि समितिले दबाबमूलक कार्यक्रममार्फत आफ्नो अभियानलाई अगाडि बढाउने संकेत गरेको छ।

वीरगंजस्थित महासंघको कार्यालयमा पुगेर बुझाइएको ज्ञापनपत्र कार्यक्रममा संघर्ष समितिका सहसंयोजक शेखर छतकुल्लीसहित सदस्यहरू आशिक अन्सारी, लालकिशोर सिंह, राम कुशवाहा, राजेन्द्र सिंह, सन्तोष पटेल र बलिराम यादवलगायत पत्रकारहरूको उपस्थिति रहेको थियो।

त्यसैगरी ज्ञापनपत्र बुझ्ने क्रममा महासंघ पर्साका उपाध्यक्ष भुषण यादव, कोषाध्यक्ष संजीव कुमार मिश्र तथा सहसचिव एस.के. चौरसिया पनि उपस्थित रहेका थिए।

सदस्यता विवादलाई लिएर महासंघभित्र बढ्दो दबाबसँगै अब नेतृत्वले कस्तो निर्णय लिन्छ भन्ने चासो पत्रकार वृत्तमा बढेको छ।

# जनकपुरधाममा 'परिवर्तनको आवाज' परियोजना शुभारम्भ, समावेशी सिर्जनशील क्षेत्र निर्माणमा जोड




**मधेशदृष्टि**
**जनकपुरधाम।**
एफसीए नेपाल, दलित लाइभ्स म्याटर ग्लोबल अलायन्स र शान्ता फाउण्डेशनको साझेदारीमा सञ्चालन हुने 'परिवर्तनको आवाजः सिर्जनशीलता, पहिचान र अभियानमार्फत भविष्य निर्माण' परियोजनाको मधेश प्रदेशस्तरीय शुभारम्भ कार्यक्रम जनकपुरधाममा सम्पन्न भएको छ।

युरोपेली संघको ७ लाख युरो सहयोगमा सञ्चालित उक्त परियोजनाले नेपालको सांस्कृतिक तथा सिर्जनात्मक क्षेत्रमा संलग्न महिला, दलित, आदिवासी जनजाति तथा यौनिक एवं लैङ्गिक अल्पसंख्यक समुदायका युवालाई अवसर, स्रोत र सुरक्षित कार्य वातावरण उपलब्ध गराउने लक्ष्य लिएको आयोजकले जनाएको छ । परियोजनाले काठमाडौं उपत्यकासहित मधेश र सुदूरपश्चिम प्रदेशमा कला, साहित्य तथा शिल्प क्षेत्रमा सक्रिय युवाहरूलाई आत्मनिर्भर बनाउँदै समग्र सांस्कृतिक तथा सिर्जनशील क्षेत्रको प्रवद्र्धनमा योगदान पु¥याउने अपेक्षा गरिएको छ।

कार्यक्रममा प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज, कलाकार, युवा समूह, सञ्चारकर्मी तथा सांस्कृतिक क्षेत्रमा कार्यरत विभिन्न सरोकारवालाको सहभागिता रहेको थियो । सहभागी युवा कलाकारहरूले नेपालको सिर्जनात्मक क्षेत्रलाई रोजगारी, सामाजिक रूपान्तरण र पहिचानको माध्यमका रूपमा विकास गर्न आवश्यक सहकार्य र लगानी बढाउनुपर्ने धारणा राखेका थिए।

कार्यक्रमका प्रमुख अतिथि राम अशिष यादवले 'परिवर्तनको आवाज' परियोजना संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने ऐतिहासिक यात्रामा महत्वपूर्ण पहल भएको बताए । उनले संविधान संशोधनको वर्तमान बहससँग पनि परियोजना सान्दर्भिक रहेको उल्लेख गरे।

त्यसैगरी, रीता मिश्रले परियोजनालाई स्थानीय तहको तर्फबाट स्वागत गर्दै कार्यक्रम अवधिभर आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गरिन्।

राम भरोस कापडीले परियोजनामार्फत समावेशिता र पहुँचका सवाललाई थप सशक्त रूपमा उठाउन सकिने विश्वास व्यक्त गरे । उनले मधेश प्रदेशमा परियोजनाको सफल कार्यान्वयनले सांस्कृतिक क्षेत्रलाई नयाँ ऊर्जा दिने अपेक्षा राखे।

कार्यक्रमको अन्त्यमा नेपालमा समावेशी, सुरक्षित र दिगो सांस्कृतिक तथा सिर्जनात्मक क्षेत्र निर्माणका लागि सरकार, नागरिक समाज, युवा तथा समुदायबीच सहकार्य आवश्यक रहेको साझा प्रतिबद्धता व्यक्त गरिएको थियो।

# सशस्त्र प्रहरी बल १३ नं. गणको विपद् उद्धारसम्बन्धी सेमुलेशन अभ्यास



**मधेशदृष्टि**
**वीरगंज।**
वर्षायाममा हुन सक्ने बाढी, डुबान तथा जलजन्य विपद्का घटनाको पूर्वतयारी स्वरूप पर्साको वीरगंज महानगरपालिका–१४ पिपरास्थित सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण मुख्यालय नजिक रहेको पोखरी क्षेत्रमा जल उत्पन्न विपद् उद्धारसम्बन्धी सेमुलेशन अभ्यास सम्पन्न गरिएको छ।

सशस्त्र प्रहरी बल नेपालको आयोजनामा भएको अभ्यासमा विपद् व्यवस्थापन तथा उद्धारका विभिन्न विधिको व्यवहारिक प्रदर्शन गरिएको थियो। कार्यक्रममा पानीमा डुबेका व्यक्तिको खोज तथा उद्धार गर्ने तरिका, लाइफ ज्याकेट तथा डोरीजस्ता उद्धार सामग्रीको प्रयोग, घाइतेलाई प्राथमिक उपचार गर्ने विधि तथा विपद्का बेला अपनाउनुपर्ने सुरक्षाका उपायबारे जानकारी दिइएको थियो।

अभ्यासका क्रममा सशस्त्र प्रहरीको उद्धार टोलीले कृत्रिम रूपमा सिर्जना गरिएको विपद्को अवस्थामार्फत उद्धार कार्य सञ्चालन प्रक्रियाको प्रदर्शन गरेको थियो । कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका सहायक बाहिनीपति एसएसपी अशोककुमार वमको प्रमुख आतिथ्यता रहेको थियो । अभ्यास कार्यक्रममा सिद्धार्थ माध्यमिक विद्यालयका शिक्षक, विद्यार्थी तथा स्थानीयवासी गरी करिब १५० जनाको सहभागिता रहेको जनाइएको छ।

सहभागीहरूले विपद्का समयमा अपनाउनुपर्ने सावधानी तथा सुरक्षासम्बन्धी उपयोगी जानकारी प्राप्त भएको बताएका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै एसएसपी वमले विपद् व्यवस्थापनमा जनचेतना र पूर्वतयारीको महत्वपूर्ण भूमिका रहने बताए । उनले प्राकृतिक विपद्का बेला सुरक्षाकर्मी मात्र नभई स्थानीय समुदायसमेत सचेत र तालिमप्राप्त हुनुपर्नेमा जोड दिए । सशस्त्र प्रहरी बलले यस्ता कार्यक्रमले समुदायस्तरमा विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ। कार्यक्रमबारे जानकारी सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण मुख्यालय पर्साका सूचना अधिकारी मोहनराज निरौलाले दिए।

# भूमिहीन र मुसहर समुदायको प्रदर्शन, डोजर अभियान रोक्न माग




**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको लहानमा भूमिहीन दलित, मुसहर तथा सुकुमवासी समुदायले सार्वजनिक जग्गामा भइरहेको डोजर अभियानको विरोध गर्दै प्रदर्शन गरेका छन् । वर्षौंदेखि बसोबास गर्दै आएको बस्ती हटाउन खोजिएको भन्दै उनीहरूले सरकारको कदमप्रति असन्तुष्टि व्यक्त गरेका हुन्।

भूमि अधिकार मञ्च र मुसहर युवा सञ्जालको संयुक्त आयोजनामा भएको प्रदर्शनमा सहभागीहरूले सरकारविरुद्ध नाराबाजी गर्दै वैकल्पिक व्यवस्थाबिना बस्ती हटाउने कार्य तत्काल रोक्न माग गरेका थिए।

प्रदर्शनकारीहरूले अव्यवस्थित बसोबासी तथा भूमिहीन समुदायमाथि राज्यले अन्याय गरिरहेको आरोप लगाए। उनीहरूले आफूहरू लामो समयदेखि उक्त क्षेत्रमा बसोबास गर्दै आएको उल्लेख गर्दै सुरक्षित आवास, लालपुर्जा र स्थायी बसोबासको ग्यारेन्टी गर्न सरकारसँग माग गरेका छन्। स्थानीयले गरिब तथा विपन्न समुदायलाई पुनःस्थापनाको व्यवस्था नगरी डोजर चलाउनु अमानवीय भएको बताएका छन् । उनीहरूले भूमिहीन र सुकुमवासी समुदायको समस्या समाधानका लागि स्पष्ट नीति ल्याउन सरकारसँग आग्रह गर्दै पुनःस्थापनाविना बस्ती हटाउने कार्य स्वीकार्य नहुने चेतावनी दिएका छन्।

# सीजी ग्रुपविरुद्धको मुद्दामा युवा नेता आदर्श मण्डलको जीत



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेकपा निकट युवा नेता आदर्श मण्डलले देशकै प्रतिष्ठित व्यावसायिक घराना सीजी ग्रुप अन्तर्गतको अन्नत चौधरी ग्रुपले आफूविरुद्ध दायर गरेको मुद्दामा विजय हासिल गरेका छन् । लामो समयदेखि चलिरहेको कानुनी प्रक्रियापछि अदालतले आदर्श मण्डलको पक्षमा फैसला सुनाएको हो।

मुद्दामा जीत हासिल गरेपछि आदर्श मण्डलले सत्य र न्याय अन्ततः विजयी हुने बताएका छन् । उनले भने, 'सत्यको जीत अलि ढिलो हुन्छ, तर जीत अवश्य हुन्छ।'

मण्डलले यस अवसरमा आफ्नो कानुनी टोलीप्रति विशेष आभार व्यक्त गरेका छन्। अधिवक्ताहरू राम बिलाश यादव, रोकी प्रसाद साह तथा अञ्जली सिंहले मुद्दाको सफल प्रतिरक्षा गर्दै महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले बताएका छन्।

यस घटनापछि मण्डलका समर्थकहरूले यसलाई सत्य र न्यायको जीतका रूपमा व्याख्या गरेका छन् । सामाजिक सञ्जालमा समेत आदर्श मण्डललाई बधाई दिनेहरूको संख्या बढ्दो रहेको छ। युवा नेता मण्डलले आगामी दिनमा पनि अन्यायविरुद्ध आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गरेका छन्।

# महोत्तरी कारागारका दुई सय ५० कैदीबन्दी अझै फरार

**महोत्तरी।**
'जेनजी' आन्दोलनको मौका छोपी २०८२ साल भदौ २४ गते महोत्तरी कारागारबाट भागेका कैदीबन्दीमध्ये २५० जना कैदीबन्दी अझै फरार रहेका छन्। गत भदौ २३ र २४ गते देशभर चलेको जेनजी आन्दोलनको मौका छोपी भदौ २४ गते महोत्तरीको सदरमुका मजलेश्वर नगरपालिका–२ मा अवस्थित जलेश्वर कारागार तोडेर भागेका सबै ५७६ जना कैदीबन्दीमध्ये ३२६ जना फर्किसकेका छन् भने २५० जना अझै फर्किन बाँकी रहेको जेलर अशोककुमार क्षेत्रीले बताए।

जेलर क्षेत्रीका अनुसार अझै पनि भागेका कैदीबन्दीहरू आउने क्रम जारी रहेको छ । जलेश्वर कारागार तोडेर भागेका सबै कैदीबन्दीहरूलाई भोलिपल्टै फर्किन आह्वान गरेकामा आजसम्म फर्किने कैदीबन्दीको सङ्ख्या ३१६ नेपाली र १० विदेशी (भारतीय) सहित जम्मा ३२६ जना पुगेको जेलर क्षेत्रीले बताए।

जेलर क्षेत्रीले फर्की नआउने फरार कैदीबन्दीहरू उपर कारागार ऐन २०७९ र अन्य नेपालको प्रचलित कानुनबमोजिम कारबाही हुने तथा कैदीबन्दीहरूलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिउपर पनि कानुनबमोजिम कारबाही हुने बताए । जलेश्वर कारागारबाट भागेकामध्ये १३ जना कैदीबन्दीहरूलाई भारततर्फ भाग्दै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ पुनः कारागार फर्काउन मद्दत गरेका थिए भने बाँकी कैदीबन्दीहरू आफैँ स्वेच्छाले कारागारमा फर्किएका हुन् । महोत्तरीको जलेश्वर कारागारबाट अझै फरार रहेका कैदीबन्दीहरूलाई जिल्लाको तीनै तहका सुरक्षाकर्मीहरूले व्यापक रूपमा खोजतलास गरिरहेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए। रासस

## सम्पादकीय

# दुर्गा प्रसाईंको पक्राउ: अभिव्यक्ति स्वतन्त्रता र सस्तो लोकप्रियताको बहस

हालै वीरगंजबाट राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंलाई पर्सा प्रहरीले पक्राउ गरेको घटनाले नेपाली राजनीतिमा फेरि एकपटक अभिव्यक्ति स्वतन्त्रता र शासकप्रतिको आलोचनाको सीमाबारे बहस सिर्जना गरेको छ । प्रशासनले प्रसाईंमाथि शासकहरूका बारेमा अनर्गल प्रचार गरेर आफूलाई लोकप्रिय देखाउने प्रयास गरेको आरोप लगाएको छ। हिन्दू धर्मको मुद्दा उठाउनु गलत नभए पनि उनको शैली र प्रस्तुतिमाथि प्रश्न उठाइएको छ, जसले गर्दा यो गिरफ्तारी थप चर्चाको विषय बनेको छ । दुर्गा प्रसाईंले उठाएका कतिपय विषयहरू, विशेषगरी हिन्दू राष्ट्रको पुनःस्थापना र राष्ट्रियताका सवालहरू, जनताको एक तप्काबीच लोकप्रिय छन् । उनले वर्तमान शासकहरूलाई निरन्तर गालीगलौज र आरोप लगाएर आफ्नो पक्षमा जनमत बटुल्ने प्रयास गर्दै आएका छन् । यद्यपि, उनका कतिपय भनाइहरू तथ्यमा आधारित भन्दा पनि सस्तो लोकप्रियताका लागि गरिएका टिप्पणीका रूपमा हेरिन्छन् । यसले गर्दा उनका समर्थक र आलोचकबीच ध्रुवीकरण बढेको देखिन्छ।

प्रशासनको कदमले कानूनको शासन र सार्वजनिक सुव्यवस्था कायम राख्ने दायित्वलाई संकेत गर्छ। कुनै पनि व्यक्तिले अभिव्यक्ति स्वतन्त्रताको नाममा समाजमा भ्रम फैलाउने वा द्वेषपूर्ण भाषण गर्ने अधिकार राख्दैन । यदि प्रसाईंका अभिव्यक्तिहरूले सामाजिक सद्भाव खल्बल्याउने वा कानूनको उल्लंघन गर्ने प्रकृतिका थिए भने प्रशासनले आवश्यक कदम चाल्नु स्वाभाविक हो। तर, यसरी पक्राउ गर्दा अपनाइएको प्रक्रिया र आरोपको स्पष्टतामाथि पनि प्रश्न उठ्न सक्छ।

अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधारभूत स्तम्भ हो, तर यो निरपेक्ष हुँदैन। यसको प्रयोग गर्दा अरूको मानहानी नहुने, सामाजिक सद्भाव नखल्बलिने र कानूनको परिधिभित्र रहने कुरामा ध्यान दिनुपर्छ । शासकको आलोचना गर्नु नागरिकको अधिकार हो, तर त्यो आलोचना तथ्यमा आधारित, रचनात्मक र जिम्मेवार हुनुपर्छ । सस्तो लोकप्रियताका लागि गरिने गालीगलौजले अन्ततः लोकतन्त्रलाई नै कमजोर बनाउन सक्छ।

अन्त्यमा, दुर्गा प्रसाईंको पक्राउले नेपाली समाजमा गहिरो जरा गाडेका केही मुद्दाहरूलाई सतहमा ल्याएको छ। हिन्दू धर्मको मुद्दा, राष्ट्रियताको बहस र शासकप्रतिको जनअसन्तुष्टि जस्ता विषयहरूलाई सम्बोधन गर्न केवल गिरफ्तारीले मात्र पर्याप्त हुँदैन । यसका लागि राजनीतिक दलहरू, नागरिक समाज र सञ्चार माध्यमहरूले जिम्मेवार भूमिका खेल्दै तथ्यमा आधारित बहस र रचनात्मक समाधानका लागि पहल गर्नुपर्छ। अन्यथा, यस्ता घटनाहरू दोहोरिरहनेछन् र समाजमा थप ध्रुवीकरण बढ्नेछ।

# गलतलाई गलत भन्न र रोक्न सरकार तयार



– डा. स्वर्णिम वाग्ले

हिजो र आज यस सम्मानित सदनमा व्यक्त भएका विचार, सुझाव र जिज्ञासाप्रति सरकारका तर्फबाट म हार्दिक सम्मान व्यक्त गर्दछु। हामी बहुलवादी लोकतन्त्रमा विश्वास गर्छौं फरक मतको सम्मान गर्छौं। ‘वादे–वादे जायते तत्वबोधु’ (निरन्तर छलफलबाटै जन्मछ नयाँ ज्ञान वा बुझाइ)।

राष्ट्र निर्माणको साझा उद्देश्यमै हामी सबै बाँधिएका छौँ । साधन र साध्य छुट्याउन सकौँ। साध्य वा गन्तव्यमा धेरै विवाद नहोला । सुशासित, समुन्नत नेपाल होस्, अर्थतन्त्रको आकार बढोस्, सम्मानजनक रोजगारी र औसत प्रतिव्यक्ति आयमा वृद्धि होस् । राज्यले सामाजिक न्यायको पक्षमा गर्न सक्ने लगानीको सामथ्र्य बढोस् । अन्तरराष्ट्रिय प्रतिष्ठा र आत्मसम्मान कायम होस्।

अब त्यहाँ पुग्ने बाटो–साधन । अलिकति फरक ढङ्गले लगौँ भन्ने हो रास्वपाको । विगत ३० वर्षकै नीति, शासकीय शैली र चरित्र ठीक भएको भए त राजनीतिमा पुस्तान्तरण र आर्थिक–सामाजिक क्षेत्रमा यति व्यग्र रूपान्तरणको माग हुने नै थिएन। पछिल्ला तीन दशकमा नेपाल, नेपाली नागरिक र समग्र अर्थतन्त्रले कुशासनको कति ठूलो मूल्य चुकाएको छ। सुस्त निर्णय प्रक्रिया, मिलेमतो, नीतिगत अन्योल, बिचौलियातन्त्र र संस्थागत दोहनका कारण मुलुकले गुमाएको आर्थिक अवसर, रोजगारी र सम्भावित आर्थिक वृद्धि ‘मिस्ड जिडिपी’ (mष्ककभम न्मए) को मूल्य अकल्पनीय छ। त्यसैले नै हामीले ‘सुशासनको लाभांश’ भन्ने अवधारणा अघि सारेका हौँ।

पुरानै शब्दजाल, आफूले बोल्दै–लेख्दै आएका दस्तावेजकै खोजी गर्न उद्यत माननीयज्यूहरुलाई मेरो विनम्र आग्रह ‘इलेक्सनस् ह्याभ कन्सिक्वेन्सेस्, हिस्टोरिक इलेक्सन्स ह्याभ प्रोफाउन्ड कन्सिक्वेन्सेस्।’

गत भदौ २३–२४ को विस्फोट अनि फागुन २१ को आम निर्वाचनपछि मुलुक नयाँ बाटोमा लागेको छ। परम्पराका नाममा हामी पुरानै ढर्रामा कैद हुन भने चाहन्नौँ।

संविधानप्रति हाम्रो प्रतिबद्धता छ । संविधानमा मन नपरेका प्रावधानहरु फेर्न परे पनि संविधानमै लेखिएका धारा, २७४ र २७५ टेकेरै गर्ने हो । समताउन्मुख समाज निर्माणप्रति हामी कटिबद्ध छौँ। अवसरको समानता र मध्यमवर्गको सुरक्षित विस्तारप्रति हामी समर्पित छौँ।

हाम्रो आर्थिक सोच लोकतान्त्रिक मूल्यमा आधारित, प्रतिस्पर्धात्मक, उत्पादनमुखी र सामाजिक न्यायसहितको उदार अर्थतन्त्र हो। राज्यलाई हामी सबै कुरा आफैँ गर्ने संरचनाका रूपमा होइन, नागरिक, निजी क्षेत्र र समाजको क्षमता विस्तार गर्ने सक्षम र उत्तरदायी संस्थाका रूपमा हेर्छौं सरकारको प्रभावकारी नियमन र सहजीकरणमा निजी क्षेत्रले उडान भर्ने अवधारणाअनुरूप हाम्रो लक्ष्य उपभोगमुखी, आयात–निर्भर र सीमित अवसरमा आधारित अर्थतन्त्रलाई उत्पादन, नवप्रवर्तन, उद्यमशीलताद्वारा सञ्चालित गतिशील अर्थतन्त्रमा रूपान्तरण गर्नु हो।

कतिपय माननीय सदस्यहरूले मुख्य प्राथमिकता के हो सोध्नुभएको छ । हाम्रो शीर्ष प्राथमिकता सुशासन नै हो। किनकि हाम्रो स्पष्ट विश्वास छ—सुशासनबिना दिगो आर्थिक वृद्धि सम्भव हुँदैन । भ्रष्टाचार, ढिलासुस्ती, बिचौलियातन्त्र र संस्थाहरुको अवैध कब्जाले राज्यको लागत मात्र बढाएको छैन, नागरिकको विश्वास पनि कमजोर बनाएको छ । त्यसैले यो सरकार ‘सिस्टम सुधारमार्फत आर्थिक सुधार’ को बाटोमा अघि बढेको हो । ई–गभर्नेन्स, डिजिटल डेलिभरी, ‘वन–टाइम डाटा सबमिस्सन, पर्फर्मेनस कन्ट्र्याक्ट’ जस्ता प्रबन्धहरू केवल प्रविधिका कुरा होइनन्, यी राज्य सञ्चालनको संस्कार परिवर्तन गर्ने आधार हुन्। हामीले ‘खर्च गर्ने राज्य’ होइन, ‘डेलिभरी’ दिने राज्य निर्माण गर्दैछौँ।

केही माननीय सदस्यहरूले निजी क्षेत्र तर्सिने, आत्मविश्वास घट्ने चिन्ता व्यक्त गर्नुभयो। म स्पष्ट भन्न चाहन्छु—इमानदार र लगानीमुखी निजी क्षेत्रले कुनै चिन्ता लिनु पर्दैन। सरकार स्वयं घर–घर, ढोका–ढोकामा पुगेर लगानी, उद्यम र उत्पादन विस्तारका लागि आह्वान गर्दैछ। आवश्यक सहजीकरण, कानुनी सुधार र नीतिगत स्थायित्व दिन सरकार प्रतिबद्ध छ। तर राज्य, नीति र सार्वजनिक संस्थालाई कब्जामा लिएर सीमित समूहको मिलेमतोमा देश दोहने प्रवृत्तिलाई अब संरक्षण गरिँदैन। गलतलाई गलत भन्न र रोक्न सरकार पछि हट्दैन। फेरी स्मरण गराउँछु—आसेपासेको मिलेमतो, नीतिगत कब्जा र दोहनको घनचक्करमा संलग्न प्रवृत्तिबाट राज्यलाई मुक्त गर्दै सुशासनको लाभ आम नागरिकसम्म पुर्याउनु नै हाम्रो मूल उद्देश्य हो। हाम्रो सोच, नीति तथा कार्यक्रम र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताबीच पूर्ण ‘कन्सिस्टेन्सी’ छ र आगामी बजेट पनि यही दिशामा आउनेछ।

प्रतिपक्षका माननीय साथीहरूलाई पनि यो परिवर्तनको यात्रामा अवरोध होइन, रचनात्मक सहयात्री बन्न आग्रह गर्दछु । हामीले ‘ओभररिच’ गर्दा सचेत गराउनुस्, तर कृपया बदमासहरुको साथ अब छोडिदिनुस्।

कतिपय माननीय सदस्यहरूले ‘मध्यम वर्ग विस्तार’ को अवधारणामाथि पनि टिप्पणी गर्नुभएको छ । यहाँ स्पष्ट हुन आवश्यक छ—मध्यम वर्ग विस्तार भन्नाले केही सीमित वर्गलाई सुविधा दिनु होइन। यसको मूल ध्येय गरिब, श्रमिक, किसान, भूमिहीन, सुकुमवासी र अवसरबाट वञ्चित समुदायको आर्थिक हैसियत माथि उठाउनु हो । जब नागरिकको आय, सीप, उत्पादकता र अवसरमा पहुँच बढ्छ, तब मात्रै वास्तविक सामाजिक गतिशीलता ‘अपवार्ड मोबिलिटी’ सम्भव हुन्छ । त्यसैले यो अवधारणा सामाजिक न्यायलाई आर्थिक उन्नयनसँग जोड्नु हो।

धेरै माननीय सदस्यहरूले अघिल्लो पटक नीति तथा कार्यक्रममा ‘सबै पुरानै दोहोरियो’ भन्ने टिप्पणी गर्नुभएको थियो। अहिले पुनः त्यही नीति तथा कार्यक्रमका आधारमा प्रस्तुत सिद्धान्त र प्राथमिकतामाथि ‘यसमा पुरानो केही छैन‘ भन्ने आपत्ति प्रकट भइरहेको छ। म सम्मानपूर्वक पुनः दोहोर्याउन चाहन्छु–राज्य कुनै अस्थायी राजनीतिक संरचना होइन, यो एक अविच्छिन्न उत्तराधिकारी संस्था हो । सरकार परिवर्तन हुँदैमा संविधानका मूल मर्म, राष्ट्रिय योजना, दिगो विकास लक्ष्य, ‘एलडिसी ग्राजुएसन’ का दायित्व वा राष्ट्रिय प्राथमिकताहरू पूर्ण रूपमा बदलिँदैनन् । कृषि, शिक्षा, ऊर्जा, पूर्वाधार, स्वास्थ्य र रोजगारी जस्ता विषय दशकौँदेखि राज्यको प्राथमिकताका केन्द्रमा रहेका छन् र रहनेछन्।

तर मुख्य प्रश्न विषयको नाम होइन, दृष्टिकोण, कार्यान्वयनको शैली र अपेक्षित परिणाम हो। हामीले ती क्षेत्रलाई कुन सोचबाट हेर्छौं ? कसरी कार्यान्वयन गर्छौं ? र नागरिकले कस्तो परिणाम प्राप्त गर्छन् ? भन्ने कुरा नै वास्तविक भिन्नता हो । त्यसैले माननीय सदस्यहरूले अलि फरक आलोकबाट, विषयान्तर नगरी, दस्तावेजको गहिराइमा गएर विश्लेषण गरिदिनु भयो भने सरकारलाई पनि थप सहयोग पुग्ने थियो।

धेरै माननीय सदस्यहरूले नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकता बजेटमा हुने विनियोजनलाई छुट्याएर नबोलेको पाएँ। परराष्ट्र मामिलादेखि आफ्नो वडाको विकास निर्माण।

मूलतः ६ हजार ६०० अर्ब रुपैयाँको अर्थतन्त्र छ । गत साल एक हजार ९ सय ६४ अर्ब रुपैयाँको बजेट आयो, तर हामीले पाँच–सात करोडको आयोजनामा भुलेको पाउँछु। लेख्नु ठूलो कुरा होइन, ‘इम्प्लिमेन्टेसन’ ठूलो कुरा हो। म त्यो कुरा पूर्ण रूपमा स्वीकार गर्छु। तर एउटा सरल यथार्थ के हो भने—कुनै पनि बजेट, नीति तथा कार्यक्रम वा विकासको मार्गचित्र पहिले स्पष्ट रूपमा लेखिन्छ, त्यसपछि मात्र कार्यान्वयनमा जान्छ । राम्रो कार्यान्वयनको पहिलो सर्त स्पष्ट सोच, स्पष्ट लेखाइ र उत्तरदायित्व हो। कार्यान्वयनलाई केन्द्रमा राखेरै यो दस्तावेज तयार गरेका हौँ।

वास्तवमा, यही कारणले यसपटकको सिद्धान्त र प्राथमिकतामा ‘इम्प्लिमेन्टेसन आर्किटेक्चर’ लाई विशेष जोड दिइएको छ। नागरिकले अब भाषण होइन, परिणाम खोजेका छन् भन्ने कुरा हामीलाई पूर्ण रूपमा थाहा छ। त्यसैले कानुनी सुधार, संस्थागत उत्तरदायित्व, समयसीमा, ‘डिजिटल ट्र्याकिङ’, प्रत्यक्ष अनुगमन र परिणाम मापनलाई राज्य सञ्चालनको केन्द्रमा राखिएको छ । पहिलो पटक ‘मिसन–मोड इक्जिक्युसन’को चर्चा छ। यो केवल शब्दको परिवर्तन होइन, ‘गभर्मेन्स फिलोसोफी’ र इक्जिक्युसन मोडल’ कै स्पष्ट प्रस्थानविन्दु हो।

हामीले प्रस्तुत गरेका पाँच मार्गदर्शक सिद्धान्त—सुशासनको लाभांश, अर्थतन्त्रको पुनर्संरचना, एकीकृत पूर्वाधार, सामाजिक लगानी र बहुआयामिक अन्तरराष्ट्रिय सम्बन्ध—यिनै आधारमा प्राथमिकताहरू निर्माण गरेका छौँ । हाम्रो विश्वास छ, यी प्राथमिकताले आर्थिक वृद्धि, रोजगारी, सामाजिक न्याय, उत्पादकता, प्रतिस्पर्धात्मकता र नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने आधार निर्माण गर्नेछन् । हामीले प्रस्तुत गरेको विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताले केवल सरकारको दृष्टिकोण मात्र प्रतिनिधित्व गर्दैन, यसले संविधानका निर्देशक सिद्धान्त, राष्ट्रिय योजना, दिगो विकास लक्ष्य, विभिन्न राजनीतिक दलका घोषणापत्र तथा नेपाली जनताले व्यक्त गरेका साझा आकाङ्क्षालाई समेट्ने प्रयास गरेको छ । जनतासँग गरेका प्रतिबद्धतालाई कार्यान्वयनमा रूपान्तरण गर्ने इमानदार प्रयत्नका रूपमा यसलाई ग्रहण गरिदिन म यस सम्मानित सदनसमक्ष आग्रह गर्दछु।

अन्त्यमा, यहाँबाट उठेका महत्वपूर्ण धारणाहरूलाई सरकारले गम्भीरतापूर्वक ग्रहण गर्नेछ । माननीय सदस्यहरूबाट अझ गहिरो अध्ययन, दूरदृष्टि र राष्ट्रहित केन्द्रित रचनात्मक सुझावको अपेक्षा राख्दै राष्ट्र निर्माणसम्बन्धी बहसलाई परिपक्व र परिणाममुखी बनाउन सबैलाई आह्वान गर्दछु।

# नुन पनि गुणस्तहीन !

– राष्ट्रिय समाचार समिति

चिकित्सक तथा जनस्वास्थ्यकर्मीले नेपालमा आयोडिनको कमीले हुने जनस्वास्थ्य समस्याको जोखिम देखिने खतरा बढेकामा गम्भीर चिन्ता व्यक्त गर्दै तत्काल आयोडिनविहीन नुन बिक्रीवितरणमा प्रतिबन्ध लगाउन सरकारको ध्यानाकर्षण गराएका छन्।

उहाँहरुले नेपाल भारत खुला सीमाका कारण यहाँका व्यापारिक ‘सुपर मार्केट’ तथा खाद्यन्न पसलमा आयोडिनविहीन भारतीय नुन खुलमखुला बिक्री वितरण भइराखेकामा चिन्ता व्यक्त गर्दै आम उपभोक्ताको स्वास्थ्यमा असर पु¥याउन यस्ता नुनलाई बजार अनुगमन गरेर जफतसमेत गर्न तीनै तहका सरकारसँग आग्रह गरेका छन्।

अर्कातर्फ सरकारले नुन बिक्री वितरणमा निजी क्षेत्रलाई प्रवेश गराएपछि बजारमा मापदण्ड एवं गुणस्तरअनुसार आयोडिनको मात्रा नभएको नुन बिक्रीवितरण हुँदा भविष्यमा आयोडिनको कमीले हुने स्वास्थ्य समस्या जटिल रूपमा देखिने खतरा बढेको उहाँहरुको तर्क छ।

बालरोग विशेषज्ञ डा. टङ्क बह्राकोटीले आयोडिनविहीन नुनको प्रयोग बढ्ने हो भने विशेष गरेर बालबालिका तथा गर्भवतीको स्वास्थ्य जोखिममा पर्न सक्ने औँल्याउनुभयो।

राष्ट्रिय उपभोक्ता मञ्चद्वारा सोमबार यहाँ आयोजित ‘बजारमा उपलब्ध नुनको गुणस्तर र यसको उपभोगबाट हुनसक्ने स्वास्थ्यसम्बन्धी’कार्यक्रममा उहाँले भन्नुभयो, ‘आयोडिनविहीन नुनको प्रयोग बढ्ने हो भने आयोडिनको कमीले हुने जनस्वास्थ्य समस्याको जोखिम देखिन सक्छ। यसलाई गम्भीरतापूर्वक लिइनुपर्छ । तत्काल आयोडिनविहीन नुन बिक्री वितरणमा प्रतिबन्ध लगाइनुपर्छ।’

श्रीलङ्काले हाल आयोडिनविहीन नुनले उत्पन्न गरेको जनस्वास्थ्य समस्या भोगिरहेका छ। यस्तो नियति नेपालमा आउन दिन नहुने उहाँको तर्क छ।

सरकारले २०८२ साल साउन १ गतेदेखि निजी क्षेत्रलाई आयोडिनयुक्त नुन उत्पादन तथा बिक्रीवितरण गर्न बाटो खुलाएको थियो। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग काठमाडौँले गत वैशाख ४ गते मात्र ‘हिमालयन पिङ्क रक साल्ट’को गुणस्तर परीक्षण गर्दा आयोडिनको मात्रा नभेटिएको ‘रिपोर्ट’ सार्वजनिक समेत गरेको जनाइएको छ।

यहाँका बजारमा ‘ब्लाक साल्ट’ नामका भारतीय गुणस्तरहीन र मापदण्डविपरीतका नुन खुला बिक्री वितरण हुँदै भएका छन्। भारतीय सरकारले नुनमा उत्पादन तहमा ३० पिपिएम र भान्सामा पुग्दा १५ पिपिएम निर्धारण गरेको छ।

विश्वस्वास्थ्य सङ्गठनको मापदण्डअनुसार नेपाल सरकारले विसं २०५७ माघ २३ देखि आयोडिनयुक्त नुन उत्पादन तहमा ५० पिपिएम हुनुपर्ने, बिक्री गर्ने स्थानसम्म आइपुग्दा ३० पिपिएम र उपभोक्ताले प्रयोग गर्दासम्म अनिवार्य १५ पिपिएम हुनुपर्ने नियम कार्यान्वयन गरिरहेको छ । चिकित्सकका अनुसार आयोडिनयुक्त नुनमा जलांश अधिकतम छ प्रतिशत, सोडियम क्लोराइड न्यूनतम ९६ प्रतिशत, पानीमा नघुल्ने पदार्थ अधिकतम एक प्रतिशत हुनुपर्छ । यदि ९६ प्रतिशत सोडिमय नभएको अवस्थामा रक्तचापसम्बन्धी समस्या हुने गर्छ।

साधारण नुनका हकमा पनि जलांश, सोडियम क्लोराइड र अन्य घुलनशील पदार्थको सीमा सरकारले निर्धारण गरेको छ।

तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पूर्वअतिरिक्त सचिवसमेत रहनुभएका डा. बह्राकोटीका अनुसार ‘आयोडिन’ शरीरलाई दैनिकरूपमा नभई नहुने सूक्ष्म पोषक तत्व हो। नुनले थाइरोड ग्रन्थीबाट थाइरोेइड हर्मोनहरु निकाल्न मद्दत गर्दछ। शरीरको नियमित क्रियाको लागि जस्तै कोशिकाहरूको कार्य सुचारु राख्न, दिमागको वृद्धि र विकास गर्नजस्ता मुख्यमुख्य काममा सहयोग गर्दछ । शारीरिक र मानसिक विकासका लागि चाहिने हर्मोन उत्पादनका लागि पनि आयोडिनको आवश्यकता पर्दछ।

उहाँले भन्नुभयो, ‘बालबालिका तथा गर्भवतीलाई आयोडिन नुनको आवश्यकता पर्दछ । यस्तो अवस्थामा दुई बालबालिका अङ्कित चिह्न भएको आयोडिनयुक्त नुन सही मात्रा मिलाएर खानुपर्छ।’

सरकारले ‘थोरै खाऔँ, सही मात्रामा खाऔँ’ भन्दै दुई बालबालिका अङ्कित चिह्न भएको आयोडिनयुक्त नुन मात्र खान आग्रह गर्दै आएको छ । कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख वृजकुमार दासले बालबालिकामा आयोडिनको कमी हुँदा मानसिक विकास राम्ररी नहुने, पढाइमा कमजोर हुने, सुस्त मनस्थिति, बोल्न नसक्ने, आँखा डेढो हुने र शारीरिक विकासमा पनि बाधा पुग्ने बताउनुभयो।

उहाँले भन्नुभयो, ‘वयस्कमा आयोडिनको कमी भएमा गलगाँड आउने, थाइराइड, मानसिक, शारीरिक क्षमतामा कमीजस्ता असर देखिन्छन् । बालबालिकामा हुने न्यूरोलोजिकल क्रेटिनिज्मको मुख्य कारण आयोडिनको कमी नै हो। थाइराइडका क्यान्सर, प्रजनन क्षमतामा ह्रास, गर्भपतनजस्ता समस्या पनि देखिन सक्छ। यस्तो अवस्थालाई न्यून गर्न साल्ट ट्रेडिङ कर्पाेरेशनको दुई बालबालिका अङ्कित चिह्न भएको आयोडिनयुक्त नुन मात्रा मिलाएर प्रयोगमा ल्याउनुपर्छ ।’ जथाभावी नुनको प्रयोग नगर्न उहाँले आग्रह गर्दै आयोडिनको कमी हुँदा जनस्वास्थ्यमा समस्याको जोखिम देखिनसक्ने बताउनुभयो।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रमुख पवित्रा महतारा प्रसाईंले बजार अनुगमन गरेर स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने आयोडिनविहीन नुन बिक्रीवितरण गर्न नदिईने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, ‘दुई बालबालिका अङ्कित चिह्न भएको आयोडिनयुक्त नुन मात्र भान्सामा सही रुपमा प्रयोग गर्नलाई जनचेतना जगाउनुपर्छ।’

सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले सीमानाकाका भन्सारबाट नुन आयातमा कडाइ र आयोडिनविहीन नुन बिक्रीवितरण रोक्न बजार अनुगमन गरिने जानकारी दिनुहुँदै यसका लागि उपभोक्ता स्वयं सचेत बन्नुपर्छ भन्नुभयो । अन्य प्रयोजनका लागि भनेर व्यापारीले भन्सारबाट नुन ल्याउने जनाइएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग झापाका प्रमुख सुवासचन्द्र ओस्तीले मानव शरीरलाई अति आवश्यक पर्ने सूक्ष्म पोषकतत्व आयोडिनयुक्त नुन भएकाले यसको प्रयोगका बारेमा सचेतना आवश्यक पर्ने जनाउँदै नुन आयातमा अनुमति नदिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, ‘नुन आयातमा अनुमति नदिए पनि बजारमा आयोडिनविहीन नुन देखिन्छ। यसलाई निरुत्साहित गर्नुपर्छ।’

कार्यक्रममा साल्ट ट्रेडिङ कर्पाेरेशन कर्पाेरशनका सहायक प्रबन्धक ब्रजेश झाले हालसम्म विषम अवस्थामा पनि नुनको आपूर्ति भेराखेको जानकारी दिनुभयो। उहाँका अनुसार गत आवमा कर्पाेरेशनले दुई लाख १० हजार टन आयोडिनयुक्त नुन बिक्री वितरण गरेको थियो । अर्काेतर्फ कर्पाेरेशनले नुन आपूर्तिमा तत्काल अवरोध आउन नदिन छ महिनासम्मलाई पुग्ने नुन आफ्ना गोदाममा मौज्दातमा राख्दै आएको छ । उहाँले भन्नुभयो, ‘सरकारको कार्यादेशअनुसार नै आयोडिनयुक्त नुनको नियमित आपूर्ति र वितरण हुँदै आएको छ।’

कार्यक्रममा मञ्चका केन्द्रीय अध्यक्ष प्रेमलाल महर्जनले आयोडिनयुक्त नुनको अर्काे विकल्प नभएको चर्चा गर्दै तत्काल बजार अनुगमन गरेर आयोडिनविहीन नुन जफत गर्नुपर्छ भन्नुभयो । उहाँले भन्नुभयो, ‘नुनको विक्री वितरणमा निजी क्षेत्रलाई प्रवेश गराउँदा उपभोक्ताको स्वास्थ्यमा खेलवाड भयो । बजारमा आयोडिनविहीन नुन देखिन थाल्यो । यस्तो अवस्थालाई तत्काल रोक्नुपर्छ।’

**पहुँच शतप्रतिशत: गलगाँडको समस्या शून्य**

पछिल्ला दशकका नेपालले गलगाँड (इन्डेमिक गोइटर) अर्थात् कण्ठरोग निवारणमा ऐतिहासिक सफलताप्राप्त गरेको छ । सन् १९६५ भन्दा अघिसम्म दुई जनामध्ये एक जनालाई आयोडिनको कमीले हुने विभिन्न किसिमका रोग लाग्ने गर्दथ्यो। अनुसन्धानले ५५ प्रतिशत मानिसलाई गलगाँड भएको पुष्टि भएपछि सन् १९७३ देखि अनिवार्य रूपमा आयोडिन भएको नुनको आयात गर्न निर्देशन दिएको थियो।

विगतमा आयोडिनयुक्त नुनको अभावका कारण पहाडी एवं हिमाली भू–भागका बहुसङ्ख्यक नागरिकले गलगाँड रोगको चरम समस्यालाई झेल्नुपर्दथ्यो। घाँटीको अघिल्लो भागमा गलगाँड (डल्लो) नहुनुलाई अस्वाभाविक ठानिन्थ्यो । गलगाँडलाई एक प्रकारले सुन्दरताको प्रतीक मानिन्थ्यो। यस्तो विकृतिका विरुद्धमा सरकारले कण्ठरोग नियन्त्रण कार्यक्रममार्फत आयोडिनयुक्त नुनको वितरण अभियानलाई देशव्यापि सञ्चालन गरेपछि पछिल्लो दशकमा गलगाँडको समस्या शून्यमा झरेको छ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को पछिल्लो अध्ययन प्रतिवेदनका अनुसार आयोडिनयुक्त नुनको पहुँच लगभग शतप्रतिशत पुग्दा आयोडिनयुक्त नुनको कमीबाट देखिने गलगाँडको समस्या निवारण भएको हो । सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आम नागरिकसम्म पु¥याउने नीति र यस नीतिलाई कार्यान्वयन गर्ने साल्ट ट्रेडिङ कर्पाेरेशनको चुस्त वितरण व्यवस्थापनका कारण ग्रामीण क्षेत्रमा गलगाँडको समस्या शून्यमा झरेको हो।

राष्ट्रिय योजना आयोगद्वारा गरिएको सो कार्यक्रमको ‘आन्तरिक मूल्याङ्कन प्रतिवेदन २०७३’ अनुसार दुर्गम क्षेत्रमा साल्ट ट्रेडिङ कर्पाेरेशनको चुस्त नुन वितरण प्रणालीका कारण कार्यक्रमले सफलता पाएको हो। दशकमा विशेष गरेर पहाडी एवं हिमाली क्षेत्रमा आयोडिनको कमीले हुने गलगाँड शून्यमा झरेको छ भने अन्य ‘हाइपरथाइरोइडिज्म’, मानसिक तथा शारीरिक क्षमतामा कमी आउने समस्यामा गिरावट हुँदै गएका छन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७०÷०७१ देखि गत आर्थिक वर्षसम्म कण्ठरोग निवारणका कार्यक्रमले शतप्रतिशत नै सफलता प्राप्त गरेको छ।

# मानव वन्यजन्तु द्वन्द्व अन्त्य गर्न प्राविधिक समितिको कार्यदल गठन




**काठमाडौँ ।**
कृषि, वन तथा पर्यावरण मन्त्रालयले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि प्राविधिक समितिको कार्यदल गठन गरेको छ ।

वन्यजन्तुबाट हुने क्षति नियन्त्रण, नीति तथा कार्यक्रम सुधार र स्थानीय तहमा प्रभावकारी कार्यान्वयनका लागि सो कार्यदल गठन गरिएको हो ।

मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापन विशेषज्ञसहितको १५ सदस्यीय 'टास्क फोर्स' गठन गरिएको छ । सो कार्यदलले वन्यजन्तुबाट हुने क्षतिको अध्ययन–अनुसन्धान, वर्तमान अवस्थाको समीक्षा तथा आवश्यक नीति र कानुन संशोधनका लागि सिफारिस गर्नेछ ।

सूचकका आधारमा २० वटा वडामा नमूना परियोजना छनोट गरी कार्यान्वयन, प्राविधिक सहयोग तथा अनुगमन गर्ने जिम्मेवारी पनि कार्यदललाई दिइएको छ ।

सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्दै कार्यक्रम कार्यान्वयन गरिने तथा क्षतिग्रस्त बालीनालीको राहत प्रणालीलाई सरल, प्रभावकारी र समयसापेक्ष बनाउन सुझाव दिने व्यवस्था गरिएको छ । कार्यदलले दिएको सुझावका आधारमा मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्य गरिने मन्त्रालयले जनाएको छ ।

पछिल्लो समयमा जङ्गली जनावरहरू बस्ती क्षेत्रमा आएर आक्रमण तथा बालीनाली नोक्सानी गर्न थालेपछि सम्बन्धित क्षेत्र तथा सरोकारवाला पक्षले मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा प्राविधिक तथा विशेषज्ञ सम्मिलित कार्यदल गठन गरेर प्रभावित क्षेत्रको अध्ययन गरी समस्या समाधानका लागि सुझाव दिएको थियो । रासस

# वहिष्करणमा परेको क्षेत्रलाई बजेट विनियोजनमा विशेष प्राथमिकता दिइन्छः अर्थमन्त्री

**काठमाडौँ ।**
अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सुदुरपश्चिम, कर्णालीलगायत बहिस्करणमा परेका क्षेत्रलाई बजेट विनियोजनलाई विशेष प्राथमिकतामा राखिने बताएका छन् । आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफलमा सांसदहरूले उठाएको प्रश्नको जवाफमा अर्थमन्त्रीले कमजोर वर्गलाई माथि उठाएर नै मध्यम वर्गको विस्तार गरिने उल्लेख गरे ।



विकासको मार्गचित्र स्पष्ट भए मात्रै सहज रूपमा कार्यान्वयन हुने मान्यतामा आफू रहेको स्पष्ट पार्दै अर्थमन्त्रीले पहिलो पटक 'मिसन मोड'लाई अभ्यासमा राखिएको बताए । विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले सरकारको दृष्टिकोण मात्रै प्रतिबिम्बित गर्दैन कार्यान्वयमा पनि इमान्दार प्रयत्न गर्नुपर्छ भन्नेमा पनि आफू स्पष्ट रहेको उनले उल्लेख गरे ।

सभामुख डोलप्रसाद अर्यालले विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तका सम्बन्धमा सांसदहरूले राखेको सुझाव र धारणा समेटेर सङ्घीय संसद् सचिवालयले आवश्यक प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र अर्थमन्त्रालयमा पेस गरिने जानकारी गराए ।

त्यसअघि छलफलमा भाग लिँदै सांसद अर्जुनकुमार कार्की गरिब र गरिबी भन्ने कुनै पनि शब्द विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्तमा कहीँ कतै पनि समावेश नभएकामा गुनासो गरे ।

सांसद इन्दिरा राना मगरले गरिबीको रेखामुनि रहेका स्वास्थ्योपचार नपाएका नागरिकलाई सम्बोधन गर्नैपर्ने र स्वास्थ्य शिक्षाका विषयलाई थप प्राथमिकतामा राख्न आग्रह गर्दै विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तको समर्थन गरिन् ।

सांसद योगेश गौचन थकालीले दैनिक ठूलो सङ्ख्यामा नेपाली नागरिक विदेशिएको तथ्याङ्क पेस गर्दै आर्थिक रूपमा सक्रिय युवा जनसङ्ख्या पलायन हुँदा पर्ने प्रभावलाई न्यून गर्ने खालको बजेट विनियोजन हुनुपर्ने विचार राखे ।

सांसद क्षितिथ थेवेले तमोर जलाशयशयुक्त आयोजनालाई प्राथमिकतामा राख्न, अलैँचीको समर्थन मूल्य तोक्न, जडीबुटी उत्पादन, प्रशोधन गर्ने प्रणालीको विकास गर्न, किसानको उत्पादनलाई घरघरमा नै मूल्य दिने व्यवस्था गर्न माग गरे ।

सांसद सागर भुषालल विनियोजन विधेयक केवल खर्चको दस्तावेज नभएर देशको सम्भावना, आत्मनिर्भरता र समृद्धिको स्पष्ट मार्गचित्र भएको टिप्पणी गरे । उनले भने, सीमित स्रोत र चुनौतीपूर्ण आर्थिक परिस्थितिका बीच पनि उत्पादन, रोजगारी, सुशासन र जनविश्वासलाई केन्द्रमा राखेर यति दूरदर्शी सिद्धान्त र प्राथमिकता ल्याउनु वास्तवमै प्रशंसनीय कार्य हो ।

सांसद विक्रम थापाले विनियोजन विधेयकमा कृषि र बहुआयामिक विषय, सुशासन र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता समेटिनु सकारात्मक भएको टिप्पणी गरे ।

सांसद समीक्षा बाँस्कोटा, जगदीश खरेल (ललितपुर), प्रशान्त उप्रेती र नरेन्द्रकुमार गुप्ताले अनुष्का श्रेष्ठ, रुक्मिणी देवी कोइराला, अच्युत्तम लामिछाने, भरतबहादुर खड्का, राम लामा, राजन गौतम, श्रद्धा कुँवर श्रेष्ठी, रुकेश रञ्जितलगायतले छलफलमा भाग लिनुभयो । प्रतिनिधिसभाको अर्को बैठक यही जेठ ६ गते बिहान ११ बजे बस्नेछ । रासस

# नदी किनारबाट हटाइएका सुकुम्वासीलाई सरकारले २५ हजार दिने



**काठमाडौं ।**
सरकारले काठमाडौंको नदी किनारबाट हटाइएका भूमिहीन तथा सुकुम्वासी परिवारलाई पुनस्र्थापनाका लागि प्रतिपरिवार एकमुष्ट २५ हजार रुपैयाँ दिने भएको छ ।

मन्त्रिपरिषद्को पछिल्लो बैठकले पूर्वाधार विकास मन्त्रालयको प्रस्ताव बमोजिम जोखिमयुक्त बस्तीबाट विस्थापित भएकाहरूको रुजु गरी उक्त रकम उपलब्ध गराउने निर्णय गरेको हो ।

यस्तै, जोखिमयुक्त बस्तीबाट हटाइएका भूमिहीन र सुकुम्वासीलाई तीन महिनाको बसोबास व्यवस्थापनका लागि ५ जनासम्मको परिवारलाई १५ हजार रुपैयाँ दिइने भएको छ ।

सरकारका प्रवक्ता एवं शिक्षा मन्त्री सस्मित पोखरेलका अनुसार ५ भन्दा बढी सदस्य भएका परिवारको हकमा भने प्रतिमहिना थप २ हजार रुपैयाँ उपलब्ध गराइनेछ ।

मन्त्री पोखरेलले विस्थापित परिवारका वृद्ध, अशक्त र असहाय व्यक्तिहरूलाई भने तोकिएको होल्डिङ सेन्टरमै राखिने जानकारी दिए । रासस

# सहकारीका साना बचतकर्ताको निक्षेप फिर्ता प्रथमिकतामा

**काठमाडौँ ।**
सरकारले समस्याग्रस्त सहकारीका साना बचतकर्ताको निक्षेप फिर्तालाई प्रथमिकतामा राखेको छ । समस्याग्रस्त सहकारीमा स–साना रकम निक्षेप गरेका बचतकर्ता अधिकांश रहेकाले उनीहरूको रकम फिर्ताको विषयलाई बढी महत्त्व दिइएको हो ।

पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ । भूमि, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव गणेशप्रसाद भट्टले समस्याग्रस्त सहकारीमा १० हजार रुपैयाँभन्दा कम भएका बचतकर्तालाई रकम फिर्ता गर्न सुरू गरिएको बताउँदै यस कार्यलाई निरन्तरता दिइने र क्रमिक रूपमा ठूला बचतकर्ताको निक्षेप पनि फिर्ता गरिने जानकारी दिए ।

निक्षेपकर्ताको बचत फिर्ताका लागि समस्याग्रस्त सहकारीहरूको ऋण असुली गर्ने कामसमेत भइरहेको जनाइएको छ । करिब ७६ हजार बचतकर्ताको करिब ४६ अर्ब रुपैयाँ समस्यामा छ । सहकारीपीडितको रकम फिर्ता गर्ने उद्देश्यले चक्रीय कोष सञ्चालनको कार्यविधि तयार पारेको मन्त्रालयले स्रोत व्यवस्थापन लागि अर्थ मन्त्रालयलाई आग्रह गरेको छ ।

त्यसैगरी, मन्त्रालयले सोमबारदेखि सहकारी व्यवस्थापन समितिमार्फत ३७८ जना सहकारी सदस्यका साना बचतकर्ताको रकम फिर्ता गर्ने प्रक्रिया सुरु गरेको छ । कान्तिपुर सहकारीका २१५, शिवशिखर बहुउद्देश्यीय सहकारीका १५६ र पशुपति सहकारी सात जना साना बचतकर्ताको निक्षेप फिर्ता गरेको हो । बैंक भेरीफाइ भएका बचतकर्ताको रकम फर्काइएको मन्त्रालयले जनाएको छ । रासस

# राष्ट्रियसभा शून्य समयः 'हत्या, हिंसा बढ्यो, सुरक्षाको सुनिश्चितता होस्'



**काठमाडौँ ।**
सांसद गोमादेवी तिमिल्सिनाले पछिल्लो समय हत्या, हिंसा, लुटपाट, डकैतीजस्ता घटना बढ्दै गएको उल्लेख गर्दै सरकारसँग सुरक्षाको सुनिश्चितता गर्न आग्रह गरिन् ।

राष्ट्रियसभाको मंगलबारको बैठकको शून्य समयमा सांसद दुर्गा गुरुङले भनिन्, १३२ केभी प्रसारण लाइनको देउराली र चिसापानीको बीचमा रहेको टावर हुरीबतासले लडाएपछि पुरानो ३३ केभी लाइनबाट काम चलाइरहेको छ, अहिले सुर्खेतमा १३२ केभी प्रसारण लाइन अवरुद्ध हुँदा सुर्खेतलगायत आसपासको क्षेत्रमा न्यून भोल्टेज हुँदा बिजुली बत्तीबाट चल्ने घरेलु उपकरण पनि चल्न सकेको छैन, समस्या समाधान गर्न छिटो पहल गरियोस् ।

सांसद नारायणदत्त मिश्रले न्यायपालिकालाई स्वतन्त्र र निष्पक्ष रहन दिनुपर्ने धारणा राखे । सांसद भुवनबहादुर सुनारले सुकुम्बासी समस्या जतिसक्दो चाँडो समाधान गर्नुपर्ने उल्लेख गरे ।

सांसद सोनाम गेल्जेन शेर्पाले सोलुखुम्बु जिल्लामा रहेको जलविद्युत् आयोजना समयमै सम्पन्न गर्नुपर्ने बताए । सांसद सुरेशकुमार आलेमगर, मोहमद खालिद, युवराज शर्मा र राजेन्द्र लक्ष्मी गैरेले देशको समसामयिक विषयमा सरकारसँग चासो राखे । रासस

# दिउँसै लालटिन बालेर कानुन व्यवसायीको प्रदर्शन

**काठमाडौँ ।**
सर्वोच्च अदालतमा विकसित पछिल्ला घटनाक्रमप्रति गम्भीर आपत्ति जनाउँदै कानून व्यवसायीहरू आन्दोलित बनेका छन् ।

अदालतमा रिट निवेदन दर्ता हुन नसक्ने अवस्था सिर्जना भएको भन्दै त्यसको विरोधस्वरूप कानून व्यवसायीहरूले आज दिउँसै लालटिन बालेर प्रदर्शन गरेका हुन् ।

नेपाल बार एसोसिएसनको पूर्वघोषित निर्णयअनुसार आज दिउँसो ठीक १ बजे बारको केन्द्रीय कार्यालय प्राङ्गणमा कानून व्यवसायीहरूले हात–हातमा लालटिन बोकेर विरोध जनाएका हुन् । अदालतमा न्यायको ढोका थुनिएको र विधिको शासन संकटमा परेकाले सत्य र न्यायको खोजीमा प्रतीकात्मक रूपमा लालटिन बाल्नुपरेको बारले जनाएको छ ।

# संसद्मा प्रि–बजेट छलफल सकियोः ७१ सांसद सहभागी



**काठमाडौँ ।**
सांसदहरूले उठाएका सवालमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जवाफ दिएसँगै आर्थिक वर्ष २०८३–८४ को विनियोजन विधेयकको सिद्धान्त तथा प्राथमिकतामाथिको छलफल सकिएको छ ।

छलफलमा सोमबार ४० र मंगलबार ३१ जना सांसदले आ–आफ्ना धारणा राखेका थिए । नाम टिपाएका सांसदहरूको धारणासँगै अर्थमन्त्री वाग्लेले जवाफ दिएका थिए ।

अर्थमन्त्रीको जवाफसँगै सभामुख डीपी अर्यालले सदनमा उठेका सवालको विवरण प्रतिवेदन बनाएर प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई पठाउने जानकारी दिएका छन् ।

# बालेन सरकारप्रति रास्वपाकै सांसदको असन्तुष्टि

**काठमाडौँ ।**
प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारको कार्यशैली र संसदीय परम्पराको क्रमभंगताप्रति संसद्मा सत्तापक्षकै सांसदले गम्भीर प्रश्न उठाएका छन् । बजेटका प्राथमिकतामाथिको महत्त्वपूर्ण छलफलमा अर्थमन्त्री स्वर्णिम वाग्ले अनुपस्थित भएपछि सांसद अमरेश सिंहले संसद्मा चर्को आक्रोश व्यक्त गरेका हुन् ।



प्रतिनिधिसभा बैठकमा बोल्दै सांसद सिंहले नयाँ र परम्परा तोड्ने नाममा स्थापित संसदीय प्रणाली र संसद्को स्थापित सिस्टम नै भत्काउन खोजिएको भन्दै कडा आपत्ति जनाए । 'बजेटका प्राथमिकतामाथि छलफल हुँदा अर्थमन्त्री जहिले पनि सदनमा बस्ने संसद्को नियम र प्रणाली छ,' सिंहले आक्रोश पोखे, 'परराष्ट्रमन्त्रीले बजेट बनाउने होइन । म पछिल्लो २० वर्षदेखि पहिलोपटक अर्थमन्त्रीबिनाको यस्तो छलफल देख्दै छु । नयाँको नाममा सबै चिज भत्काउने नहुनेमा उनले जोड दिए । सर्लाहीको क्षेत्र नं ४ बाट सिंहले कांग्रेस सभापति गगन थापालाई पराजित गर्दै प्रतिनिधिसभाको यात्रा तय गरेका हुन् । यसैबीच, सांसद सिंहले मधेशको बहुमत भोट लिएर बनेको वर्तमान सरकारले बजेट, नीति र कार्यक्रममा मधेशी जनतालाई पूर्ण रूपमा उपेक्षा गरेको भन्दै चर्को असन्तुष्टि व्यक्त गरे । प्रत्यक्ष र समानुपातिक दुवैतर्फ यो सरकारलाई सबैभन्दा बढी भोट मधेशले दिए पनि सरकारले मधेशको अधिकार र भावनालाई प्राथमिकतामा नराखेको उनको आरोप छ ।

# प्रतिनिधिसभा बैठकः ऊर्जादेखि महिला उत्थानका विषयसम्म चर्चा

**काठमाडौँ ।**
प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा सांसदले ऊर्जा निर्माणदेखि राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्व्यन हुनुपर्नेमा जोड दिएका छन् ।

बैठकमा सांसद श्रीराम न्यौपानेले ऊर्जाबिना कुनै पनि विकास निर्माण सम्भव नहुने बताउँदै तत्काल सनसेट ऐन ल्याइ कार्यान्व्यन गर्न आग्रह गरे । सांसद भूमिका सुब्बाले राष्ट्रपति महिला उत्थान कार्यक्रम नीति तथा कार्यक्रममा छुटाउनै नहुने बताए । धनबहादुर बुढाले डिजिटल डोल्पा र पूर्ण इन्टरनेट डोल्पा बनाउन सरकारसमक्ष माग गरे ।

सांसद सरस्वती लामाले जनता महँगीको मारमा परेको र उनीहरूको जीवन सहजीकरण गर्नतर्फ सरकारले सामाजिक उत्तरदायित्व बहन गर्नुपर्ने बताइन् । सांसद केपी खनालले सरकारले सुकुम्बासीलाई दुर्गन्धित खोला क्षेत्रबाट हटाएर सम्मानित र व्यवस्थित जीवनयापनका लागि प्रयास गरेको बताए । सांसद प्रकाशचन्द्र परियारले समृद्धि मात्रै नभएर समानतामूलक समृद्धि आवश्यक रहेको धारणा राखे । दलीय आधारमा विशेष समय लिएर सांसद आनन्द चन्द, देवराज पाठक, यज्ञबहादुर बोगटी, अम्बिकादेवी सङ्ग्रौला, विष्णुबहादुर खड्का, सुलभ खरेलले समेत संसद्मा धारणा राखेका थिए । रासस

# आचार्यको तरबुजाखेती अरुका लागि प्रेरणा



**गण्डकी ।**
बर्सेनि उब्जाउयोग्य जमिन बाझिँदै गरेका अवस्थामा कास्कीको पोखरा महानगरपालिका–३३ का युवा रमेश आचार्यले यहाँको सुरौदी खोलाको तिखेढुङ्गामा गरेको तरबुजा खेती अरुका लागि प्रेरणाको स्रोत बनेको छ ।

करिब चालिस रोपनी क्षेत्रफलमा फलिरहेका तरबुजा बजारमा लैजाने तयारी भइरहँदा यतिखेर आचार्य आफैँमा हर्षित छन् । उनको कृषिकर्म र यसप्रतिको लगाव यस क्षेत्रका स्थानीयका लागि प्ररणाको स्रोत बनेको हो । स्नातकसम्मको अध्ययनसँगै १० वर्षको शिक्षण पेसा, तीन वर्षको वैदेशिक रोजगारीसँगै विद्युत् प्राविधिकसमेतका अनुभव सँगालेका आचार्य विगत लामो समयदेखि कृषिका क्षेत्रमा सक्रिय बन्दै नयाँनयाँ प्रयोग गर्दै आएकामा २०७८ सालदेखि 'तिखेढुङ्गा बागमारा पशुपालन तथा कृषि फार्म' मार्फत आफ्नो कृषिकर्मलाई थप व्यावसायिक बनाएका छन् ।

आचार्यले गरिरहेको तरबुजाखेतीसहितको पशुपालन, तरकारी, फलफूल तथा विभिन्न कृषिजन्य उत्पादन अरुका लागि पनि दरिलो पाठशाला बनेको छ । अघिल्लो वर्ष ज्ञानबहादुर कार्कीसँगको सहकार्यमा संयुक्त रुपमा तरबुजाखेती गरेका उनले यस वर्ष भने एकल रुपमा नै ४० रोपनी क्षेत्रफलमा यो खेती गरेका हुन् । हरेक तरबुजाको बिरुवामा सुरौदी खोलाको पानीलाई मोटरमार्फत तानेर थोपा सिँचाइ प्रणालीलाई उनले उपयोग गरेका छन् ।

यस वर्ष तरबुजा खेती लगाएपछि दुई पटकसम्म असिनाले क्षति पु¥याए पनि लगभग ३० हजार किलो बजारमा बिक्री गर्न सकिने आचार्य बताउँछन् ।

असिनाका चोटसँगै केही दिनयता लगातार आएको पानीका कारण केही तरबुजा कुहिने डर छ, उनले भने, अघिल्लो वर्ष यस क्षेत्रकै बागमारा, खुदी, गगनगौँडा, खल्याण, दुलेगौडा हुँदै पोखरासम्म बिक्री भएका कारण यस वर्ष पनि बिक्री सहजै हुने विश्वास लिएको छु ।

आचार्यले फर्ममा थप १० रोपनी क्षेत्रफलमा घिरौँला, काँक्रा, लौका, फर्सी, करेला आदिको खेती गरिहेका छन् भने भैँसीपालन पनि सँगसँगै गरिहेका छन् । उनको फर्ममा हाल ३० वटा भैँसी छन् । पछिल्ला वर्षमा आचार्य जस्तै पोखराका विभिन्न स्थानमा कृषकले तरबुजाखेती गरिहेका छन् ।

यस वर्ष पोखराका विभिन्न स्थानमा ५०० रोपनी क्षेत्रफल जमिनमा तरबजुजाखेती भइरहेको पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिए । पछिल्ला वर्षमा महानगरपालिकाले तरबुजा खेतीका लागि अनुदानलगायत कार्यक्रम बढाइरहेको छ ।

महानगरपालिकाका १३, १४, १६, २१, २२, २३, २६, ३०, ३२ र ३३ नं वडामा तरबुजाखेती भइरहेको जानकारी दिँदै प्रमुख कडरियाले यस वर्ष तरबुजाखेती गर्ने कृषकलाई ५० प्रतिशत अनुदानमा बीउका साथै मल्चिङ प्लाष्टिक वितरण गरिएको बताए ।

पोखरा महानगरपालिकामा यस वर्ष तरबुजाखेतीको कारोबार पाँच करोड बराबरको हुने अनुमान गरिएको छ, उनले भने । प्रमुख कडरियाका अनुसार महानगरपालिकाले स्थानीय उत्पादनको प्रवद्र्धनका लागि तरबुजाको न्यूनतम समर्थन मूल्य निर्धारण गरिनुका साथै ब्राण्डिङका लागि स्टिकर उपलब्ध गराउन लागेको छ । तरबुजाखेतीप्रतिको आकर्षण बढाउनकै लागि पोखरा महानगरपालिका वडा नं १३ मा पोखरा तरबुजा मेला–२०८३ गर्न लागिएको छ ।

पोखरामा भइरहको तरबुजाखेतीको प्रवद्र्धनसँगै कृषकलाई यसतर्फको आकर्षण बढाउनले लक्ष्यका साथ महानगरपालिकाको कृषि विकास शाखा र वडा नं १३ कार्यालयको आयोजना एवं वडास्तरीय कृषि सञ्जाल पोखरा–१३ को व्यवस्थापनमा तरबुजा मेला गर्न लागिएको हो । मेलाका अवसरमा सबैभन्दा ठूलो तरबुजा फलाउने, धेरै क्षेत्रफलमा फलाउने, सबैभन्दा गुलियो फलाउने कृषकलाई सम्मान गर्ने कार्यक्रमसँगै तरबुजा सम्बन्धी बहस, सफलता कथा आदिबारे चर्चा परिचर्चा गरिनने महानगरपालिकाले जनाएको छ ।रासस

# जोरा स्पोट्र्सले फिर्ता लियो क्यानविरुद्धको सबै मुद्दा

**काठमाडौं ।**
जोरा स्पोट्र्स म्यानेजमेन्टले नेपाल क्रिकेट संघ (क्यान) लाई लगाएको सबै मुद्दाहरू फिर्ता लिएको छ । मंगलबार (जेठ ५) कम्पनीका प्रबन्ध निर्देशक आमिर अख्तरले एक प्रेस विज्ञप्ति जारी गर्दै जोरा स्पोट्र्स म्यानेजमेन्टले क्यानविरुद्ध सर्वोच्च अदालत, काठमाडौं जिल्ला अदालत तथा उच्च अदालत पाटनमा नेपाल प्रिमियर लिगको आधिकारिकता, स्वामित्व तथा बौद्धिक सम्पत्तिको लागि दायर विभिन्न मुद्दाहरू फिर्ता लिएको जनाएका हुन् । अख्तरले राष्ट्रिय खेलकुद परिषद्को अनुरोधमा मुद्दा फिर्ता लिएको बताएका छन् ।

उनले विज्ञप्तिमा भनेका छन्, खेल क्षेत्रको अभिभावक निकायका रूपमा परिषद्ले सम्पूर्ण मुद्दाहरू फिर्ता लिन अनुरोध गर्नु तथा खेल विकासमा सबै पक्ष एकजुट हुनुपर्ने सन्दर्भमा,यदि सम्बन्धित विपक्षीहरू समेत सहमत हुने हो भने आपसी समझदारी, सहकार्य र समन्वयका आधारमा मुद्दा फिर्ता लिन हामीलाई कुनै आपत्ति रहने छैन । र, यसै विज्ञप्तिमार्फत नेपाल क्रिकेट संघको विरुद्धको रहेको सम्पूर्ण मुद्दाहरू फिर्ता लिएको जानकारी गराउँदछु ।

तर, आफ्नो नाममा दर्ता रहेको नेपाल प्रिमियर लिग प्राइभेट लिमिटेड र सो कम्पनीको बैंक खातामा भने आफ्नो स्वामित्व रहने कुरा पनि विज्ञप्तिमा जनाइएको छ ।

अख्तरले आफू विभिन्न उमेर समूह तथा राष्ट्रिय टोलीबाट नेपालको प्रतिनिधित्व गरेको र खेलाडी जीवनकै दौरानदेखि नै मैदानभित्रबाट क्रिकेट तथा समग्र खेल क्षेत्रमा देखिएका विसंगतिहरूका विषयमा आवाज उठाउँदै आएको स्मरण पनि गरेका छन् ।

खेल जीवनपछि नेपालको खेलकुद विकासका लागि खेल संस्थाभित्र उठाइएका जायज विषयहरूमा आवश्यक सुनुवाइ नभएपछि आफूले बाध्य भएर अदालतको शरण लिनुपरेको उनको भनाइ छ । आफ्नो कानुनी लडाइँ व्यक्तिगत द्वेषका कारण नभई समग्र खेल क्षेत्रको सुधार र विकासका लागि गरिएको उनले जनाएका छन् ।

उनले खेललाई केवल मनोरञ्जनको माध्यम मात्र नभई एक उद्योगका रूपमा विकास गर्न सके देशको अर्थतन्त्रमा समेत सकारात्मक र दिगो योगदान पुग्ने विश्वास लिएको बताएका छन् । त्यस उद्देश्यका लागि संघ र परिषद्सँग आगामी दिनहरूमा पनि सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## खाडी मुलुकको अपिलपछि अमेरिकाले

# इरानमा नियोजित आक्रमण स्थगित गरेको छः ट्रम्प

**अमेरिका ।**
कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स (युएई) को अपिल पछि इरानमा नियोजित आक्रमण 'स्थगित' गरेको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताएका छन् ।

सामाजिक सञ्जाल ट्रुथमा राष्ट्रपति ट्रम्पले कतारका अमिर शेख तमिम बिन हमद अल थानी, साउदी क्राउन प्रिन्स मोहम्मद बिन सलमान र युएईका राष्ट्रपति मोहम्मद बिन जायद अल नाह्यानले वार्ता चलिरहेको अवस्थामा इरान माथि निर्धारित आक्रमण नगर्न अनुरोध गरेको बताएका छन् ।

राष्ट्रपति ट्रम्पले अमेरिकाले इरान विरुद्ध थप सैन्य कारबाहीको "योजना" बनाएको कुरामा जोड दिदै शान्ति सम्झौताको आशामा खाडीका नेताहरूको अपिल पछि आक्रमणमा ढिलाइ गरेको बताएका छन् । हाल गम्भीर वार्ता भइरहेको उल्लेख गर्दै ट्रम्पले उनीहरुको बीचमा सहयोगीहरूको रूपमा एउटा सम्झौता हुने उल्लेख गरेका छन् । जुन संयुक्त राज्य अमेरिका, साथै मध्य पूर्वका सबै देशहरू र विश्व समुदाका लागि स्वीकार्य हुने उनले बताएका छन् ।

सम्झौता बमोजिम इरानका लागि कुनै आणविक हतियारहरू समावेश हुने छैन भने खाडी मुलुकका नेताहरूप्रतिको सम्मानको आधारमा, सेक्रेटरी अफ वार, पीट हेग्सेथ, द जोइन्ट चिफ्स अफ स्टाफका अध्यक्ष, जनरल डेनियल केन र द युनाइटेड स्टेट्स मिलिटरीलाई निर्देशन दिएको बताएका छन् । तर स्वीकार्य सम्झौता नभएमा एउटै सूचनामा इरानमा आक्रमण गरी अगाडि बढ्न तयार हुन पनि निर्देशन दिएको बताएका छन् ।

राष्ट्रपति ट्रम्पले इरानको शान्ति प्रस्तावलाइ अस्वीकार गरे पछि यो अवस्था आएको जनाइएको छ । इरानको आणविक कार्यक्रममा तनाव बढ्दै जाँदा वासिङ्टनले कूटनीतिक र सैन्य विकल्पहरू विचार गर्दै छ भने यो घटनाक्रम संवेदनशील रुपमा अघि बढ्दै छ । अमेरिकी अधिकारीहरूका अनुसार राष्ट्रपति डोनाल्ड ट्रम्प वार्ताको माध्यमबाट समाधान खोज्दै गर्दा तेहरानले वासिङ्टनले उपलब्ध गराएका छुटहरू अस्वीकार गरेकाले निराश भएका छन् ।

इरानको पछिल्लो प्रति–प्रस्ताव आइतबार राति पाकिस्तानी मध्यस्थकर्ताहरू मार्फत पठाइएको बताइएको छ । एक वरिष्ठ अमेरिकी अधिकारीका अनुसार, संशोधित पाठले अघिल्लो प्रस्तुतिहरूको तुलनामा सीमित परिवर्तनहरू मात्र समावेश गरेको छ ।रासस

# कोरिया–जापान सम्बन्ध थप नजिकिँदै



सियोल ।
दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङ र जापानका प्रधानमन्त्री साने ताकाइचीबीच मङ्गलबार हुने शिखर वार्ताले पूर्वी एसियाली कूटनीतिमा नयाँ सन्देश दिने अपेक्षा गरिएको छ । भूराजनीतिक तनाव, विश्व अर्थतन्त्रमा बढ्दो अनिश्चितता र अमेरिका–चीन प्रतिस्पर्धाबीच दुवै नेताले सहकार्यलाई अझ गहिरो बनाउने सङ्केत दिएका छन् । करिब छ महिनाको अवधिमा दुई नेताबीच हुन लागेको यो चौथो भेटलाई दक्षिण कोरिया–जापान सम्बन्धको नयाँ अध्यायका रूपमा हेरिएको छ ।

यसपटक राष्ट्रपति लीले आफ्नो गृहनगर अन्डोङमा जापानी प्रधानमन्त्री ताकाइचीको स्वागत गर्ने कार्यक्रम तय भएको छ । दक्षिणपूर्वी दक्षिण कोरियामा रहेको अन्डोङ शताब्दीयौँ पुरानो परम्परागत लोक गाउँका कारण परिचित छ, जसलाई युनेस्को विश्व सम्पदा सूचीमा पनि समावेश गरिएको छ ।

यसअघि गत जनवरीमा दुवै नेताले जापानको प्राचीन राजधानी नारा सहरमा भेटवार्ता गरेका थिए । नारा सहर ताकाइचीको गृहनगर हो ।

दुई देशका वर्तमान नेताले एकअर्काको गृहनगर भ्रमण गरेको यो पहिलो अवसर भएकाले पनि यो भेटलाई प्रतीकात्मक रूपमा महत्त्वपूर्ण मानिएको छ । दक्षिण कोरियाको राष्ट्रपति कार्यालयले शिखर सम्मेलनले दुई नेताबीचको व्यक्तिगत विश्वास र राजनीतिक समझदारीलाई थप मजबुत बनाउने अपेक्षा गरेको जनाएको छ ।

प्रधानमन्त्री ताकाइचीले मङ्गलबार बिहान पत्रकारहरूसँग कुरा गर्दै मध्यपूर्व र हिन्द–प्रशान्त क्षेत्रमा विकसित भइरहेका गम्भीर भूराजनीतिक अवस्थाबीच दक्षिण कोरिया र जापानबीचको सहकार्य अझ सुदृढ हुनुपर्ने बताइन् । उनले ऊर्जा, अर्थतन्त्र, क्षेत्रीय सुरक्षा र आपूर्ति शृङ्खला जस्ता विषयमा दुवै देशको सहकार्य अत्यन्त आवश्यक रहेको धारणा राखिन् ।

शिखर सम्मेलनको औपचारिक एजेन्डामा आर्थिक तथा ऊर्जा सहकार्य, इरान युद्धको प्रभाव, आपूर्ति शृङ्खला सुरक्षा र द्विपक्षीय सम्बन्धको दीर्घकालीन विकासका विषय समेटिएका छन् । हाल दुवै देशबीच कुनै गम्भीर विवाद सतहमा नरहेको भन्दै विश्लेषकहरूले वार्ता सकारात्मक वातावरणमा अघि बढ्ने अनुमान गरेका छन् ।

सियोलस्थित आसन इन्स्टिच्युट फर पोलिसी स्टडीजकी जापान विशेषज्ञ चोई युनमीका अनुसार दक्षिण कोरिया र जापानले अहिले विवादभन्दा सहकार्यलाई प्राथमिकतामा राखेका छन् । उनले विगतजस्तै निरन्तर उतारचढावपूर्ण सम्बन्ध दुवै देशका लागि अब उपयोगी नहुने निष्कर्षमा नेतृत्व पुगेको बताइन् ।

दक्षिण कोरिया र जापान दुवै अमेरिकाका प्रमुख सहयोगी राष्ट्र हुन् । तर दोस्रो विश्वयुद्धअघि कोरियाली प्रायद्वीपमाथि जापानले गरेको ३५ वर्षे औपनिवेशिक शासनका कारण दुई देशबीच लामो समयसम्म अविश्वास र तनाव कायम रहँदै आएको थियो ।

विशेषगरी जबरजस्ती श्रम, यौन दासता र ऐतिहासिक स्मृतिसँग जोडिएका विषयले सम्बन्धलाई पटक–पटक असहज बनाएको थियो ।

सन् २०२३ पछि भने दुवै देशका तत्कालीन नेतृत्वले इतिहासजन्य विवादलाई पछाडि पार्दै सुरक्षा र आर्थिक सहकार्यलाई अगाडि बढाउने नीति अपनाएका थिए । अमेरिका–चीन रणनीतिक प्रतिस्पर्धा, उत्तर कोरियाको बढ्दो आणविक कार्यक्रम, विश्वव्यापी आपूर्ति शृङ्खला सङ्कट र आर्थिक अस्थिरतालाई साझा चुनौतीका रूपमा लिएपछि सियोल र टोकियोबीच सम्बन्ध सुधार हुन थालेको विश्लेषण गरिएको छ ।

गत वर्ष ली र ताकाइची नयाँ नेताका रूपमा उदाएपछि प्रारम्भमा केही चिन्ता देखिएको थियो । दक्षिणपन्थी सुरक्षा धारका नेताका रूपमा चिनिने ताकाइची र राजनीतिक रूपमा उदार मानिने लीबीच विदेश नीतिमा दूरी आउन सक्ने अनुमान गरिएको थियो । ली चीन र उत्तर कोरियातर्फ झुक्न सक्ने तथा जापान र अमेरिकासँग दूरी बढ्न सक्ने अड्कलबाजी पनि गरिएको थियो । तर व्यवहारमा भने दुवै नेताले सहकार्यलाई निरन्तरता दिएका छन् ।

गत अगस्टमा ताकाइची प्रधानमन्त्री बन्नुअघि नै राष्ट्रपति लीले जापानलाई आफ्नो पहिलो द्विपक्षीय भ्रमणको गन्तव्य बनाउँदै नयाँ सङ्केत दिएका थिए । जनवरीमा नारामा भएको भेटवार्तापछि दुवै नेताले साङ्गीतिक जाम सेसनमा सहभागी हुँदै के–पप समूह बीटीएसको चर्चित गीत 'डायनामाइट' मा ड्रमसमेत बजाएका थिए । कलेज जीवनमा ड्रमर रहेकी ताकाइची हेभी मेटल सङ्गीतको पारखी मानिन्छन् ।

राष्ट्रप्रमुखहरूले परम्परागत राजनीतिज्ञभन्दा फरक ढङ्गले व्यवहार गर्न सक्नुपर्छ भन्ने साझा सोच आफूहरूमा रहेको राष्ट्रपति लीले यसअघि बताएका थिए ।

विश्लेषकहरूका अनुसार अहिलेको अन्तर्राष्ट्रिय परिस्थितिले पनि दक्षिण कोरिया र जापानलाई नजिक ल्याइरहेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको 'अमेरिका–फर्स्ट' नीतिले सुरक्षा र व्यापार क्षेत्रमा अनिश्चितता बढाएको छ भने इरान युद्धले विश्व अर्थतन्त्रमा नयाँ दबाब सिर्जना गरेको छ । यही कारण दुवै देशले अमेरिकामा सयौँ अर्ब डलर बराबरको लगानी प्रतिबद्धता जनाए पनि वासिङ्टनप्रतिको भरोसामा केही प्रश्न उठ्न थालेका छन् ।

यद्यपि सियोल–टोकियो सम्बन्ध अझै संवेदनशील नै रहेको विज्ञहरू बताउँछन् । जापानी औपनिवेशिक शासनकालमा कोरियालीहरूलाई जबरजस्ती श्रमिक र यौन दासका रूपमा प्रयोग गरिएको विषय पूर्ण रूपमा समाधान नभएकाले भविष्यमा फेरि तनाव उत्पन्न हुन सक्ने चेतावनी दिइएको छ । अहिले दुवै सरकारले ती विवादास्पद विषयलाई सार्वजनिक बहसबाट टाढा राख्दै सम्बन्ध सुधारको वातावरण जोगाउने प्रयास गरिरहेका छन् ।

विशेषज्ञ चोई युनमीका अनुसार दुवै देशले विगतका विवाद फेरि दोहोरिन नदिन दीर्घकालीन समाधानबारे खुला छलफल भने अझै गरेका छैनन् । उनले ती विषय पुनः कहिले सतहमा आउँछन् भन्ने अनिश्चितता अझै कायम रहेको बताए ।रासस

# ट्राउट फार्मबाटै जीवन धान्दै, पर्यटक तान्दै गुरुङ दाजुभाइ

**गण्डकी ।**
कास्कीको माछापुच्छ्रे गाउँपालिका–३ भुर्जुङखोलास्थित मुलखेत कुनैबेला हिलो र झाडीले भरिएको थियो । धानबालीसमेत खासै फस्टाउँदैनथ्यो । तर हिजोआज त्यही ठाउँ प्रकृतिसँग रमाउँदै ट्राउट माछाको स्वाद लिने आकर्षक पर्यटकीय गन्तव्य बनेको छ ।

'ज्ञान र सीप सिकेर स्वदेशमै फर्क साथी, त्यही सीपले देश उठाउनुछ माथि' भन्ने सन्देशमूलक सोचका साथ २०६७ सालमा जापान र बेलायतको सेवासुविधा त्यागेर स्वदेश फर्किएका दुई दाजुभाइले सुरु गरेको 'गण्डकी ट्राउट फार्म' पछिल्लो समय मनग्य आम्दानी र रोजगार सृजनाको आधार बनेको हो ।

भारतीय सेनाबाट अवकाशप्राप्त भई लामो समय जापान बस्दै आएका कास्की रिभानका अमृत गुरुङ र धान्द्रुकमा जन्मी हङ्कङ, बेलायतको व्यापार व्यवसाय त्यागेर नेपाल फर्किएका लच्छीन गुरुङले सो फार्म सुरु गरेका थिए । उनीहरूबीच एउटा साझा सोच मिल्यो, 'विदेशमा सिकेको ज्ञान र सीपलाई स्वदेशमै उपयोग गर्ने ।'

आफ्नै गाउँठाउँमा केही नयाँ व्यवसाय गर्ने अठोटका साथ नेपाल फर्किएका उनीहरूले पोखरा र आसपासमा ट्राउट माछापालनको सम्भावना खोजे । अन्ततः माछापुच्छ्रे–३ स्थित मूलको चिसो पानी र न्यूनतम १६ र अधिकतम १८ डिग्री सेल्सियस तापक्रम भएको स्थान ट्राउट माछाका लागि उपयुक्त देखेपछि २२ रोपनी जग्गा खरिद गरेर व्यवसाय सुरु गरेका थिए ।

दुईवटा पोखरीबाट सुरु गरिएको गण्डकी ट्राउट फार्म आज विस्तार हुँदै ६० वटा पोखरीसम्म पुगेका छन् । तत्कालीन गण्डकी अञ्चलमै पहिलोपटक सुरु गरिएको यो ट्राउट फार्म अहिले सफल उदाहरणका रूपमा स्थापित भएको छ । यो प्रयास अहिले सबैका लागि उदाहरणीय बनेको छ । विदेशमा अवसर खोज्ने युवाका लागि यो त झनै फार्मले प्रेरणा दिएको छ ।

विशेषगरी ट्राउट माछा ओमेगा–३ पोषकतत्वले भरिपूर्ण हुन्छ, जसमा नरम काँडा भएका कारण ज्येष्ठ नागरिक र बालबालिकालाई पनि खान सजिलो हुनुका साथै जुन स्वास्थ्यका लागि लाभदायक मानिन्छ । यही कारणले गर्दा यो ट्राउट फार्म पछिल्लो समय पोखरा आउने आन्तरिक तथा बाह्य पर्यटकको प्रमुख गन्तव्य बन्ने गरेको छ । दैनिक चार सय बढी पाहुना यहाँ आउने गर्छन् । शनिबार भने यो सङ्ख्या एक हजार ५०० नाघ्ने गरेको सञ्चालक लच्छीन गुरुङ बताउँछन् ।

फार्ममा एक केजी माछा पकाएको एक हजार ७०० लिने गरेको उनले बताए । गुरुङले भने, रेष्टुरेन्टसँगै आरामदायी कटेज पनि व्यवस्था गरिएको छ ।

रातमा बस्ने पाहुना थपिए भने पालको समेत व्यवस्था गरिन्छ, जसले पर्यटक थप आकर्षित हुने गरेका छन् । वार्षिक तीन करोड रुपैयाँबराबरको २५ टन माछा उत्पादन हुने गरेको उनले बताए । उमेरले ६६ वर्षीय लच्छीन भन्छन्, फार्ममा अहिलेसम्म सात करोड लगानी भइसकेको छ । चौबीस जनाले दैनिक र १० जनाले अप्रत्यक्ष रूपमा रोजगार प्राप्त गरेका छन् ।

माग अत्यधिक भएपछि आफ्नै उत्पादनले मात्र अपुग हुने हुँदा आसपासका अन्य फार्मबाट पनि माछा खरिद गर्ने गरेको उनको भनाइ छ । यसबाहेक भुरा उत्पादनका लागि धान्द्रुकमा २५ लाख रुपैयाँ लगानीमा भुरा उत्पादनका लागि ह्याचरी निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।

अमृत भने ६५ वर्षको भए । उनीहरुको यो व्यवसायलाई निरन्तरता दिन परिवारको पूर्ण सहयोग रहेको अमृतले बताए । उनका अनुसार नेपाल सरकार र विभिन्न स्वदेशी तथा विदेशी सङ्घसंस्थाबाट पनि राम्रो सहयोग मिलेको छ ।

पोखरा आउने दुई प्रतिशत पर्यटक सो क्षेत्रमा पुर्याउन सकेमात्र पनि पर्यटकको एक दिनको बसाइ लम्ब्याउन र थप रोजगार सृजना गर्न सकिने उनले बताए । सो स्थानसम्म पुग्न पोखरा पुरानो बजार महेन्द्रपुलबाट नदीपुर, बगर, लामाचौर अकला, पुरन्चौर हुँदै लगभग १७ किलोमिटर दूरी छ ।

प्रकृतिसँग रमाउँदै स्वादिलो ट्राउट माछा चाख्न पाइने यो स्थान अहिले केवल व्यवसायमात्र होइन, आत्मनिर्भरता र प्रेरणाको केन्द्र बनेको सो फार्ममा पुग्ने जोकोही बताउँछन् । यहाँ परम्परागत लिङ्गे, चारपिर्के पिङ, पौडीपोखरीलगायत मनोरञ्जनका सामग्री पनि राखिएका छन् ।रासस

# डिजिटल पहुँच पुऱ्याउन दुर्गम क्षेत्रमा सेवा विस्तार गर्दै टेलिकम




**काठमाडौँ ।**
सबै नागरिकसम्म डिजिटल पहुँच पुऱ्याउने उद्देश्यले भौगोलिक रूपमा विकट तथा जनसङ्ख्याको दृष्टिले कम मानिस बसोबास गर्ने दुर्गम बस्तीहरूमा दूरसञ्चार सेवा विस्तार भइरहेका छन् ।

यस्ता दुर्गम बस्तीहरूमा सेवा उपलब्ध गराउन हेलिकप्टरबाट उपकरण तथा सामग्री ओसारेरसमेत दूरसञ्चार सेवा विस्तार भइरहेको छ । दुर्गम भूगोलमा इन्टरनेट सेवा विस्तार गर्ने सरकारको प्रतिबद्धताअनुसार नेपाल टेलिकमले काम गरिरहेको छ । यस्ता स्थानहरूमा कम्पनीले गरेको लगानीबाट व्यावसायिक लाभ हासिल नहुने भए पनि डिजिटल विभेद न्यूनीकरणलाई प्राथमिकता दिएको टेलिकमले जनाएको छ ।

आगामी आर्थिक वर्ष २०८३÷८४ को नीति तथा कार्यक्रममा पनि दुर्गम क्षेत्रसम्म डिजिटल पहुँच विस्तार गरी डिजिटल विभेद न्यूनीकरण गरिने उल्लेख गरिएको छ । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले पनि डिजिटल पहुँच विस्तारलाई प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिएका छन् । यसका लागि आवश्यक समन्वय, सहकार्य तथा मार्गनिर्देशनसमेत मन्त्रालयबाट भइरहेको छ । नेपाल टेलिकमले फोरजी सेवा पूर्ण रूपमा कार्यान्वयन र फाइभजी सेवा पनि सँगसँगै सुरु गर्ने सरकारको योजनाअनुसार काम गरिरहेको छ । फाइभजी सेवा सञ्चालनका लागि ३३००–३७०० मेगाहर्ज ब्यान्ड खुला गरी प्रविधि विस्तारको मार्ग प्रशस्त गरिएको मन्त्रालयले जनाएको छ । नेपाल टेलिकमका सहप्रवक्ता प्रक्षित थापा क्षेत्रीले दुर्गम तथा दूरदराज क्षेत्रहरूमा पनि इन्टरनेट र मोबाइल सेवा विस्तारलाई प्राथमिकतामा राखेर काम भइरहेको बताए । उनका अनुसार नवीनतम प्रविधिको प्रयोग गर्दै भौगोलिक अवस्था र आवश्यकताअनुसार कुन प्रविधि उपयुक्त हुन्छ भन्ने मूल्याङ्कन गरेर सेवा विस्तार गरिँदै आएको छ ।

उनले सम्भव भएसम्म 'अप्टिकल फाइबर' विस्तार गर्ने योजनाअनुसार नेपाल टेलिकमले काम गरिरहेको जानकारी दिए । त्यस्तै, विद्युत् सुविधा नपुगेका स्थानहरूमा सोलार टावरमार्फत विद्युत् आपूर्ति गरी सञ्चार सेवा सञ्चालन गरिएको छ । दुर्गम क्षेत्रमा भने भिस्याट प्रविधिको प्रयोग गरेर सेवा उपलब्ध गराइएको उनको भनाइ छ ।

टेलिकमका अनुसार डोल्पा जिल्लाको त्रिपुरासुन्दरी नगरपालिका–६ स्थित लाहाँ तथा ठूलीभेरी नगरपालिकाअन्तर्गत दुनै क्षेत्रमा समुद्र सतहदेखि करिब ३९०० मिटर उचाइमा केही दिनअघि सफलतापूर्वक फोरजी सेवा सञ्चालनमा ल्याइएको छ । त्रिपुरासुन्दरी लाहाँमा सोलार पावरबाट सिङ्गल सेक्टर टुजी सञ्चालनमा रहेकामा उक्त साइटको स्तरोन्नति गरी जलविद्युत् जडान र १८ मिटर पोल जडानपश्चात् फोरजी सेवा सञ्चालनमा आएको हो । यसबाट त्रिपुरासुन्दरी–६ का बस्तीहरू लाहाँ, खादाङ, फुल्चिङ, पालङ गाउँ तथा जाजरकोट–डोल्पा राजमार्गमा उच्च गतिको फोरजी मोबाइल ब्रोडब्यान्ड सेवा विस्तार भएको छ भने करिब २५० घरधुरीका १२०० मोबाइल प्रयोगकर्ता प्रत्यक्ष लाभान्वित भएका छन् ।

त्यस्तै, डोल्पाको ठूलीभेरी नगरपालिका–१ थाला डाँडाको ३९०० मिटर उचाइमा टावर राखिएको छ । यस साइटमा उच्च क्षमताको सौर्य ऊर्जा प्रणाली जडान गरी २५ मिटरको टावर जडानपश्चात् फोरजी सेवा सञ्चालनमा आएको छ । यहाँबाट ठूलीभेरी नगरपालिका वडा नम्बर १, २, ३ र ४ का थाला गाउँ, लोचा गाउँ, तिप्ला, कुल्मी र काइके गाउँपालिकाका वैजबाडा, वनठाडा, सहरतारा, गुम्बातारा, टुप्पातारा, लाबन बगर तथा दुनै सहरतारा पदमार्गमा उच्च गतिको फोरजी सेवा विस्तार भएको छ । यसबाट करिब ८०० घरधुरीका ३२०० भन्दा बढी मोबाइल प्रयोगकर्ता लाभान्वित भएको जनाइएको छ ।

ताप्लेजुङको ओलाङचुङगोला क्षेत्रमा ३४०० मिटर उचाइमा गत शुक्रबारदेखि फोरजी सेवा सुरु भएको छ । यस सेवाबाट ओलाङ्चुङगोला, याङमा, जारीटार, लुम्बासम्बा पदमार्गको दिगासम्बा तथा ग्रेट हिमालय ट्रेलअन्तर्गत लाङ्ग्योङ आसपासका क्षेत्रमा मोबाइल नेटवर्क सुविधा उपलब्ध हुन थालेको छ ।

त्यसैगरी, ताप्लेजुङको पाथिभरा मन्दिर क्षेत्रमा पनि फोरजी सेवा सञ्चालनमा ल्याइएको छ । पाथीभरा मन्दिर परिसर, काफ्लेपाटी, देउराली, भालुगौडा तथा मन्दिरतर्फ जाने पदमार्गका विभिन्न स्थानहरूमा मोबाइल नेटवर्क सुविधा विस्तार भएको छ ।

ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका–६, घुन्सा ९३८५० मिटर मा नेपाल टेलिकमले सफलतापूर्वक फोरजी सेवा सञ्चालनमा ल्याएको छ । यसअघि स्याटेलाइटमार्फत टुजी सेवा मात्र रहेको यस क्षेत्रमा अब उच्च गतिको मोबाइल इन्टरनेट सेवा विस्तार भएको छ । घुन्सा, फले, खम्बाचेन, लोनाक तथा कञ्चनजङ्घा आधार शिविरतर्फ जाने पदमार्गका क्षेत्रमा मोबाइल नेटवर्क सुविधा उपलब्ध हुनेछ ।

नेपाल टेलिकमले सङ्खुवासभा जिल्लाका दुर्गम तथा उच्च हिमाली क्षेत्रमासमेत आफ्नो दूरसञ्चार सञ्जाल विस्तार तथा स्तरोन्नति गरेको छ । यसबाट स्थानीय बासिन्दा तथा पर्यटकलाई अत्यावश्यक सञ्चार सुविधा उपलब्ध भएको छ । सङ्खुवासभाको मकालु गाउँपालिका–२ स्थित चेक्सेडाँडा क्षेत्रमा स्थापना गरिएको नयाँ बिटीएस टावर हालै सञ्चालनमा आएको छ । सो टावरले मकालु गाउँपालिका–२ का विभिन्न बस्तीहरू, वडा नम्बर ३ का केही क्षेत्र तथा वडा नम्बर ५ को माङसिमामा मोबाइल नेटवर्क उपलब्ध गराएको छ ।

साथै, यो टावरले मकालु बेस क्याम्प ट्रेकिङ मार्गका उच्च पहाडी क्षेत्रहरूमा समेत 'नेटवर्क कभरेज' दिएको छ । त्यस्तै, नेपाल टेलिकमले सिम्बोप्वा डाँडामा माइक्रोवेभ रेडियो रिपिटर तथा बीटीएस (तासिथवा) स्थापना गरेको छ । करिब ३७०० मिटर उचाइमा रहेको यस स्थानमा टावर स्थापना गर्न चुनौतीपूर्ण थियो । बसोबास क्षेत्रभन्दा माथि करिब छ घण्टा ठाडो उकालो चढेर मात्र पुग्न सकिने यो क्षेत्रमा उपकरण ढुवानी र निर्माण सम्पन्न गर्न करिब तीन वर्ष लागेको टेलिकमले जनाएको छ ।

सिम्बोप्वा डाँडाको टावरले भोटखोला गाउँपालिकाका लिंगम, छुम्सुरलगायतका दुर्गम बस्ती तथा कोशी राजमार्गको माथिल्लो खण्डमा मोबाइल नेटवर्क कभरेज उपलब्ध गराएको छ । यहाँ माइक्रोवेभ रिपिटर स्टेसन ९किमाथांका० स्थापना भएपछि किमाथांकासम्म माइक्रोवेभ लिङ्क विस्तार सम्भव भएको टेलिकमको भनाइ छ ।

त्यसैगरी, टेलिकमले भोटखोला गाउँपालिकाको उत्तरी सीमा क्षेत्र किमाथांकामा माइक्रोवेभ रेडियोमा आधारित फोरजी सेवा सुरु गरेको छ । उत्तर–दक्षिण कोशी राजमार्गसँग जोडिएको यो अत्यन्त दुर्गम क्षेत्रमा यसअघि स्याटेलाइटमा आधारित टुजी भ्वाइस सेवा मात्र सञ्चालनमा थियो । टेलिकमले देशका विभिन्न विकट तथा दुर्गम स्थानहरूमा स्याटेलाइट प्रविधिमा आधारित जिएसएम मोबाइल तथा भिस्याट टेलिसेन्टर उपकरण जडान गरी टुजी प्रविधिमा आधारित मोबाइल, टेलिफोन र डाटा सेवा प्रदान गर्दै आएको छ ।

चालु आर्थिक वर्षमा डोल्पाको कान्छो गाउँ कुगाउँ तथा निजाल, दोलखाको ना–गाउँ र रसुवाको चन्दनबारी गरी चार स्थानमा स्याटेलाइटमार्फत जिएसएम मोबाइल सेवा विस्तार गरिएको छ । हाल टेलिकमले ३८ विभिन्न स्थानमा यो प्रविधिबाट मोबाइल सेवा प्रवाह गरिरहेको छ । यीमध्ये सबैभन्दा बढी १४ 'साइट' डोल्पा जिल्लामा छन् । डोल्पाको छार्का–ताङसोङ, छार्का, धो, घुन्सापास, कलाङ, मुकोट, निजाल, फोक्सुन्डो, साल्दाङ, सिम्बाडाँडा, सिमेन्कोमास, तिन्जे, भिजेर र कुगाउँमा यी साइट छन् ।

हुम्लाको गोठी, राया, रोडीकोट, श्रीनगर र श्रीमस्थ, मुगुको मुगुगाउँ, पुलु, रारा (मुर्मा), सोरुकोट र भी, मनाङको भिमथाङ, फु र नार, दोलखाको बेदिङ र ना–गाउँ, ताप्लेजुङको घुन्सा र ओलाङचुङगोला, सोलुखुम्बुको गोरक्छेप र मोन्जु, रसुवाको गोसाइँकुण्ड र चन्दनबारी, दार्चुलाको टिंकर, बाजुराको बिच्छा र जुम्लाको गुठीचौरमा स्याटेलाइटमार्फत सेवा पुर्याइएको छ ।

टेलिकमले बाजुराको बडिमालिका मन्दिर क्षेत्र ९४२०० मिटर उचाइमा फोरजी सेवा विस्तार गर्ने तयारी गरिरहेको छ । साथै, सगरमाथा आधार शिविर क्षेत्रमा समेत फोरजी सेवा विस्तारका लागि अध्ययन अगाडि बढाइएको जनाइएको छ । डिजिटल पहुँचको विभाजन घटाउने र सबै नागरिकलाई गुणस्तरीय सञ्चार सेवा उपलब्ध गराउने प्राथमिकताअनुरूप नेपाल सरकार सक्रिय रूपमा काम गरिरहेको छ । दुर्गम क्षेत्रमा रहेका देशभरका बस्तीहरूलाई डिजिटल रूपमा जोड्ने अभियान निरन्तर जारी रहने टेलिकमले जनाएको छ ।

फोरजी सेवा सञ्चालनसँगै अनलाइन कक्षा, डिजिटल भुक्तानी, सामाजिक सञ्जाल, इमेल तथा विभिन्न अनलाइन सेवा सहज रूपमा प्रयोग गर्न सकिने भएको छ । यसले स्थानीय प्रशासन, सुरक्षा, स्वास्थ्य तथा शैक्षिक गतिविधिमा सहयोग पुग्ने र दुर्गम हिमाली क्षेत्रलाई आधुनिक डिजिटल नेटवर्कसँग जोड्दै पर्यटन प्रवद्र्धन, सूचना प्रवाह तथा समग्र क्षेत्रीय विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ । रासस

# चितवनमा याक चिज



**चितवन ।**
चितवनका वजारमा याक चिज उपलब्ध हुन थालेको छ । चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घले आफ्ना डेरीमार्टहरुमा यसको उपलव्धता गराएको हो ।

सङ्घका अध्यक्ष किशोर बगालेले सङ्घले आइतबारदेखि याक चिज जिल्लामा उपलब्ध गराउन थालेको जानकारी दिए । दुग्ध विकास संस्थान (डिडिसी)ले उत्पादन र बिक्री वितरण गर्दै आएको सो चिज जिल्लामा ल्याइएको हो ।

संस्थानले उत्पादन गरेका अन्य वस्तुहरुसमेत मार्टबाट बिक्री गर्ने तयारी गरिएको उनले बताए । उनले भने, याकको चिज अहिले परीक्षणस्वरुप बिक्रीका लागि ल्याएका छौँ । ग्राहकको मागअनुसार यसको आयात बढाइने छ । स्थानीय उत्पादनलाई प्राथमिकता दिनका लागि याकको चिजलाई आफूहरुले बिक्री गर्न थालेको उले बताए ।

सङ्घले सञ्चालन गरेको मार्टमा आफ्नै उत्पादनका दुग्ध जन्य वस्तुहरुको उपलब्ध हुँदै आएको छ । दूध, दही, पनिर, चिज, मोही, नौनी, घ्यूजस्ता वस्तु उपलब्ध हुँदै आएको छ । सङ्घले आफ्नो उत्पादनलाई बजारीकरण गर्नका लागि दुग्धजन्य वस्तुको उत्पादन गर्दै आएको हो । सङ्घले रत्ननगरमा रहेको आफ्नै उद्योगमा उत्पादित बिक्री वितरण गर्दै आएको छ । रासस

# ट्राफिक प्रहरीद्वारा एक सातामै एक करोड १८ लाख बढी राजस्व सङ्कलन

**काठमाडौँ ।**
काठमाडौँ उपत्यकामा ट्राफिक प्रहरीले वैशाख २९ गतेदेखि आजसम्म गरी एक सातामै १३ हजार ९० जना सवारीचालक तथा नियम उल्लङ्घनकर्तामाथि कारबाही गरेको छ ।

उक्त अवधिको कारवाहीबाट एक करोड १८ लाख छ हजार १३ रुपैयाँ राजस्व सङ्कलन भएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । ट्राफिक प्रहरीका अनुसार उपत्यकाभित्र बढ्दो सवारी चाप, अव्यवस्थित पार्किङ, लापरवाहीपूर्ण सवारी सञ्चालन तथा ट्राफिक नियमको बेवास्ताका कारण दुर्घटनाको जोखिम बढ्दै गएको छ । यसलाई नियन्त्रण गर्न नियमित चेकिङ, निगरानी तथा विशेष अभियान सञ्चालन गरिएको हो ।

ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार कारबाहीमा पर्नेहरूमा मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाउने ६२९ जना छन् भने राइड सेयरिङसम्बन्धी नियम उल्लङ्घन गर्ने एक हजार ३६ जनामाथि कारबाही गरिएको छ ।

त्यसैगरी, रातो बत्ती उल्लङ्घन गर्ने एक हजार २८२, तीव्रगतिमा सवारी चलाउने ७७८, लेन मिच्ने ५४०, सडक फुटपाथ अतिक्रमण गर्ने ६४०, 'नो हर्न' क्षेत्र उल्लङ्घन गर्ने एक हजार ६४६ तथा एकतर्फी सडकमा सवारी प्रवेश गराउने ७६२ जना चालक कारबाहीमा परेका छन् । उनले भने, हाम्रो उद्देश्य केवल राजस्व उठाउनु होइन, नागरिकलाई सुरक्षित यात्रा सुनिश्चित गराउनु र सडक दुर्घटना घटाउनु हो । विशेषगरी मापसे, तीव्रगति, मोबाइल प्रयोग गर्दै सवारी चलाउने तथा सिग्नल उल्लङ्घन गर्ने गतिविधिले दुर्घटना निम्त्याउने भएकाले यस्ता कार्यविरुद्ध कडाइ गरिएको जनाइएको छ । रासस

# विश्वविद्यालयका उपकुलपतिको कामकाजको जिम्मेवारी दिइएका प्राध्यापकहरूसँग अन्तरक्रिया



**काठमाडौँ ।**
विभिन्न विश्वविद्यालयहरूमा सङ्क्रमणकालका लागि उपकुलपतिको कामकाज गर्ने गरी जिम्मेवारी दिइएका प्राध्यापकहरूसँग विश्वविद्यालयको कामकाज र योजनाबारे अन्तरक्रिया गरिएको छ ।

विश्वविद्यालयहरूका सहकुलपतिसमेत रहेका शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको उपस्थितिमा भएको अन्तरक्रियामा नयाँ व्यवस्था नहुन्जेल विश्वविद्यालयका कामकाज प्रभावित हुन नदिन तथा अध्ययन–अध्यापनलाई निरन्तरता दिन आवश्यक कदमबारे सम्बन्धित पदाधिकारीहरूबाट योजना प्रस्तुत भएको छ ।

सो अवसरमा मन्त्री पोखरेलले विश्वविद्यालयका परीक्षा, दैनिक प्रशासनिक कामहरूलाई निरन्तरता दिन तथा दीर्घकालीन असर पर्ने निर्णयहरू नगर्न निर्देशन दिए ।

विभिन्न विश्वविद्यालयमा उपकुलपति नियुक्तिको प्रक्रिया जारी रहेको छ । उपकुलपति नियुक्तिका लागि आठ वटा विश्वविद्यालयमा सिफारिस समिति गठन भई आवेदन दिने समय समाप्त भएका तथा छनोट प्रक्रिया अघि बढिसकेको छ । अन्य विश्वविद्यालयहरूमा पनि छिट्टै प्रक्रिया अघि बढाइने जनाइएको छ ।

सरकारले आठ विश्वविद्यालयको रिक्त उपकुलपति नियुक्तिका लागि नयाँ कार्यविधि स्वीकृत गरी सोही बमोजिम उपकुलपति छनोट प्रक्रिया सुरु गरिसकेको छ । नियुक्ति प्रक्रियामा पारदर्शिता, योग्यता प्रणाली र प्रक्रियागत निष्पक्षता बलियो बनाउन विज्ञ समितिमार्फत छनोट गर्ने व्यवस्थासहित 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' ल्याइएको हो । सोही अनुरूप अहिले उपकुलपति छनोट प्रक्रिया अघि बढेको मन्त्रालयले उल्लेख गरेको छ । रासस

# आरोग्य वर्ष २०२७ को पूर्वतयारीका लागि साझा समझदारीमा जोड

**काठमाडौँ ।**
नेपाललाई विश्वस्तरको आरोग्य गन्तव्यका रूपमा स्थापित गर्न सरकार, निजी क्षेत्र, शैक्षिक संस्था तथा समुदायबीच सहकार्य र साझा दृष्टिकोणको आवश्यकतामा जोड दिइएको छ ।

आरोग्यमार्फत नेपालको समृद्धिका आयाम विकास गर्ने उद्देश्यसहित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र जीवन विज्ञान प्रतिष्ठान आरोग्य अध्ययन केन्द्रको सहकार्यमा आयोजित 'आरोग्य संवादः आरोग्य वर्ष २०२७ पूर्वतयारी विमर्श'मा सहभागी वक्ताहरूले सो आवश्यकता औँल्याएका हुन् ।

कार्यक्रममा नेपाल सरकारले घोषणा गरेको नेपाल आरोग्य वर्ष २०२७, आरोग्य पर्यटन रणनीति (सन् २०२६–२०३५) तथा कार्ययोजना (सन् २०२६–२०३०)को प्रभावकारी कार्यान्वयन, आरोग्य पर्यटनको सम्भावना, अन्तरराष्ट्रिय बजार विस्तार, पूर्वाधार विकास, मानव संशाधन क्षमता अभिवृद्धि र नीतिगत समन्वयका विषयमा विस्तृत छलफल भयो ।

सरकारी निकाय, निजी क्षेत्र, नीति निर्माता, पर्यटन तथा स्वास्थ्य क्षेत्रका विज्ञ, अनुसन्धानकर्ता, सञ्चारकर्मी तथा सरोकारवालाहरूको सहभागिता रहेको सो संवाद कार्यक्रममा आरोग्य पर्यटन रणनीति (सन् २०२६–२०३५) को प्रभावकारी कार्यान्वयनका लागि अन्तरमन्त्रालय, निकाय र तीनै तहका सरकारको भूमिकाका विषयमा समेत चर्चा गरिएको थियो ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेल 'गनेस'ले नेपालमा विद्यमान प्राकृतिक सम्पदा, योग, ध्यान, आयुर्वेद, आध्यात्मिक परम्परा तथा विविधतालाई आरोग्य पर्यटनसँग जोडेर आर्थिक रूपान्तरणको नयाँ आधार निर्माण गर्न सकिने बताए । योग, ध्यान, अध्यात्म र आरोग्यसँग जोडिएका ऐतिहासिक तथा सांस्कृतिक आधार प्रस्तुत गर्दै यसलाई अर्थतन्त्रसँग जोड्नुपर्ने उनको धारणा थियो । उनले आरोग्यलाई केवल शारीरिक स्वास्थ्यको विषयका रूपमा नभई मानसिक, सामाजिक र वातावरणीय आयामसँग जोडेर हेर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा जीवन विज्ञानका संस्थापक भानु गुरुदेवले विश्व पर्यटन क्रमशः 'वेलनेस टुरिजम'तर्फ रूपान्तरण भइरहेको बताउँदै त्यसका लागि नेपालमा भएका सम्भावनामा काम गर्नुपर्ने बताए । स्वास्थ्य, ट्रेकिङ, धार्मिक, सांस्कृतिक, योग, ध्यान, प्राकृतिक उपचारलगायत विभिन्न अवयव आरोग्य पर्यटनभित्र समिटिने उल्लेख गर्दै उनले 'वेलनेस टुरिस्ट'हरू अरू पर्यटकभन्दा बढी बस्ने र खर्च गर्ने अध्ययनहरूले देखाएको बताए ।

आरोग्य पर्यटनलाई नेपालको आर्थिक रूपान्तरणको अवसरका रूपमा लिनुपर्ने बताउँदै उनले गण्डकी र लुम्बिनी प्रदेशलाई नमूना आरोग्य प्रदेशका रूपमा विकास गर्ने सम्भावना रहेको धारणा व्यक्त गरे । जीवन विज्ञानका अर्का संस्थापक रमेश गुरुदेवले आरोग्यलाई जीवनशैली, व्यवहार र सामाजिक अभ्याससँग जोडेर अघि बढाउनुपर्ने बताउँदै ध्यानको अभ्यास गराए ।

सो अवसरमा जीवन विज्ञान प्रतिष्ठान आरोग्य अध्ययन केन्द्रका संयोजक पूर्वमुख्यसचिव डा वैकुण्ठ अर्यालले आरोग्य पर्यटन र आरोग्य वर्ष सफल कार्यान्वयनका लागि अवधारणापत्र प्रस्तुत गरेका थिए । उनले केन्द्रले आगामी दिनमा आरोग्य पर्यटन, मानसिक स्वास्थ्य, योग–ध्यान, प्राकृतिक उपचार र समग्र आरोग्यसम्बन्धी नीति संवाद तथा अध्ययनलाई निरन्तरता दिने उल्लेख गरे ।

कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्द निरौला, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा विकास देवकोटा, कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा राजेन्द्र मिश्र, परराष्ट्र मन्त्रालयका सहसचिव मनिरत्न शर्मा, उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अन्जन श्रेष्ठले सरकारले सार्वजनिक गरेको रणनीतिका विषयमा सरोकारवाला मन्त्रालय र निजी क्षेत्रको भूमिकाका बारेमा प्रकाश पारे ।

सोही अवधारणाको आधारमा भएको संवाद कार्यक्रमले आरोग्य वर्ष २०२७ सफल बनाउन बहुपक्षीय सहकार्य, नीति कार्यान्वयनमा तीव्रता र अन्तरराष्ट्रियस्तरमा नेपालको आरोग्य पहिचान दिनेछ । रासस

# संघीय हस्तक्षेपमा मेयर साहको आपत्ति

## तालाबन्दीको चेतावनी



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले संघीय सरकारमाथि स्थानीय तहको कामकारबाहीमा अनावश्यक हस्तक्षेप गरेको आरोप लगाउँदै यस्तो गतिविधि तत्काल रोक्न चेतावनी दिएकी छन् ।

मंगलबार जारी प्रेस वक्तव्यमा मेयर साहले संविधानले दिएको अधिकारअनुसार स्थानीय सरकार सञ्चालन गर्नुपर्ने अवस्थामा कर्मचारीतन्त्रमार्फत दबाब र अवरोध सिर्जना गरिएको बताएकी हुन् । उनले यस्ता गतिविधि नरोके नगरपालिका बन्द गरेर तालाबन्दी गर्नुपर्ने अवस्था आउन सक्ने चेतावनीसमेत दिएकी छन् ।

मेयर साहले नगरपालिकाले सञ्चालन गर्दै आएको 'फ्री बिजुली, फ्री पानी' अभियान तथा 'छोरीसँग मेयर कार्यक्रम'लाई निरन्तरता दिने प्रतिबद्धता जनाएकी छन् । उक्त कार्यक्रमअन्तर्गत छोरीहरूको विवाहमा आर्थिक सहयोग प्रदान गर्दै आएको नगरपालिकाले आवश्यक बजेट नगरसभाबाट पारित गरिसकेको भए पनि प्रशासनिक अवरोधका कारण भुक्तानी प्रक्रिया प्रभावित भएको उनले बताइन् ।

उनका अनुसार चालु आर्थिक वर्षको सुरुमै खटाइएका प्रमुख प्रशासकीय अधिकृत लामो समयसम्म कार्यालयमा अनुपस्थित रहेकाले सेवा प्रवाह र विकास निर्माण प्रभावित भएको थियो । त्यसपछि सरकार परिवर्तन, अस्पष्ट निर्देशन र आचारसंहितासम्बन्धी अन्योलका कारण नगरपालिकाको नियमित काम प्रभावित बन्दै गएको उनको दाबी छ ।

मेयर साहले वर्तमान सरकारले पठाएका प्रमुख प्रशासकीय अधिकृतसमेत नियमित रूपमा कार्यालयमा नआएको तथा बैंक खाता सञ्चालन प्रक्रिया समेत अगाडि नबढाएको आरोप लगाएकी छन् । पटक–पटक निर्देशन दिँदा पनि विभिन्न बहाना बनाएर भुक्तानी रोक्ने र योजना कार्यान्वयनमा ढिलाइ गर्ने काम भइरहेको उनको भनाइ छ ।

निर्वाचित जनप्रतिनिधिको निर्णय कार्यान्वयनमा कर्मचारीहरूले 'माथिको आदेश' भन्दै अवरोध सिर्जना गर्नु स्थानीय स्वायत्ततामाथिको हस्तक्षेप भएको उनले उल्लेख गरेकी छन् । सशर्त बजेटदेखि विकास योजनासम्ममा अनावश्यक रोक लगाइएको भन्दै उनले संघीय सरकारको भूमिकाप्रति असन्तुष्टि व्यक्त गरिन् ।

मौलापुर नगरपालिकामा पछिल्ला घटनाक्रमले गम्भीर अवस्था सिर्जना गरेको भन्दै मेयर साहले संघीय सरकारलाई तत्काल हस्तक्षेप रोक्न आग्रह गरेकी छन् । अन्यथा नगरपालिका कार्यालय बन्द गरेर तालाबन्दी गर्न बाध्य हुने उनको चेतावनी छ ।

# ३३ औँ प्रधानन्यायाधीशमा शर्मा

## एकैदिन सिफारिस, नियुक्ति र शपथ

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडलले नवनियुक्त प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मालाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन् । राष्ट्रपति भवन शीतल निवासमा मंगलबार साँझ आयोजित समारोहमा राष्ट्रपति पौडेलले उनलाई पद तथा गोपनीयताको शपथ गराए ।

प्रधानन्यायाधीश शर्माको शपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, सभामुख डोलप्रसाद अर्याल, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाललगायत उच्च तहका सरकारी अधिकारीहरूको उपस्थिति थियो ।

नेपालको संविधानको धारा, १२९ को उपधारा, २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले मंगलबार नै शर्मालाई प्रधानन्यायाधीश पदमा नियुक्त गरेका हुन् । सिंहदरबारमा मंगलबार नै बसेको संसदीय सुनुवाइ समितिको बैठकले प्रस्तावित प्रधानन्यायाधीश डा. शर्मालाई सर्वसम्मतिले अनुमोदन गरेको थियो ।

संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले प्रधानन्यायाधीशको नियुक्ति गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

यसअघि राष्ट्रपति पौडलले नेपालको ३३औँ प्रधानन्यायाधीशमा सर्वोच्च अदालतका न्यायाधीश डा. मनोजकुमार शर्मालाई नियुक्त गरेका थिए । राष्ट्रपति पौडेलले उनलाई मंगलबार नियुक्त गरेका हुन् ।

नवनियुक्त प्रधानन्यायाधीश डा. शर्मालाई मंगलबार नै संसदीय सुनुवाइ समितिले अनुमोदन गरेको थियो । संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था रहेको छ ।




- **सूचना प्रविधि प्रयोग गरी न्यायमा पहुँच वृद्धि गर्छुः शर्मा**

प्रस्तावित प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले सूचना प्रविधि प्रयोग गरी न्यायमा पहुँच वृद्धि गर्ने बताएका छन् ।

संसदीय सुनुवाइ समितिमा मंगलबार भावी कार्ययोजना प्रस्तुत गर्दै न्यायिक काम कारबाहीलाई व्यवस्थित, पारदर्शी एवम् अनुमानयोग्य बनाई समग्र न्याय सम्पादनको प्रभावकारिता र सेवाग्राहीको न्यायमा सहज पहुँच अभिवृद्धि गर्ने बताए ।

'न्यायपालिकाले करिब दुई दशकदेखि सूचना प्रविधिको प्रयोग गर्दै आएको छ, यसबाट केही वाञ्छित उपलब्धि हासिल भए पनि विद्युतीय अदालतको अवधारणा अनुरूप न्यायपालिकामा सूचना प्रविधिको अधिकतम् प्रयोगमार्फत न्यायिक काम कारबाहीलाई पूर्ण रूपमा सूचना प्रविधिमैत्री बनाउन आवश्यक छ ।'

न्यायमा पहुँचको प्रवद्र्धन गर्न असहाय र आर्थिकरूपमा विपन्न व्यक्तिलाई निःशुल्क कानुनी सहायता दिने उद्देश्यले प्रत्येक अदालतमा वैतनिक कानुन व्यवसायीको व्यवस्थासमेत गरिएको छ ।

'सर्वोच्च अदालतमा २०१५ सालदेखि नै वैतनिक कानुन व्यवसायीमार्फत सेवा प्रवाह हुँदै आएको छ, न्यायमा पहुँचलाई थप प्रभावकारी बनाउन सर्वोच्च अदालतमा २०७२ सालमा न्यायमा पहुँच आयोग गठन भई न्यायमा पहुँच अभिवृद्धि गर्न विभिन्न कार्य हुँदै आएको छ,' कार्ययोजना भनिएको छ, 'न्यायिक बाह्य संवादलगायत कार्यक्रममार्फत न्यायिक प्रक्रियाका बारेमा आम नागरिकलाई सुसूचित गराउने प्रयास भएका छन् ।'

न्यायपालिका नागरिकको जनआस्था अभिवृद्धि विश्वासबाट जीवन्त रहने संस्था भएकाले जनआस्था अभिवृद्धि गर्न न्यायपालिका सदैव संवेदनशील र क्रियाशील रहनु आवश्यक कार्ययोजनामा छ ।

'परिवर्तित सन्दर्भमा न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि अबको न्यायिक सुधारको प्रस्थान विन्दु हुनुपर्दछ,' कार्ययोजनामा भनिएको छ, 'जनआस्था अपेक्षा गरेर नभई नागरिकको अपेक्षा अनुरूपको कार्य सम्पादन र सेवा प्रवाहबाट मात्र प्राप्त हुने भएकाले शीघ्र, सहज, गुणस्तरीय एवम् पहुँचयोग्य न्यायको सुनिश्चितता तथा प्रभावकारी सेवा प्रवाह गर्नेतर्फ सुधारका समग्र प्रयासहरू केन्द्रित हुनु जरुरी छ ।'

न्यायपालिकाको पाँचौँ पञ्चवर्षीय रणनीतिक योजना (२०८१–२०८६) लागू भइरहेको र सर्वोच्च अदालतबाट तयार गरिएको सङ्कट व्यवस्थापन सम्बन्धी कार्ययोजनाले औँल्याएका पुनर्निर्माण तथा सुधारका विषयहरूका आधारमा मूल रणनीतिक योजनामा आवश्यक परिमार्जन गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिएको कार्ययोजनामा छ ।

न्यायपालिकाको कार्यबोझ निरन्तर रूपमा वृद्धि हुँदै गएको अवस्था भएकाले मुद्दा फछ्र्यौटमा तीव्रता दिने कार्ययोजनामा छ ।'न्यायिक सुशासन, जवाफदेहिता र उत्तरदायित्वलगायत न्यायिक मूल्य मान्यताको जगेर्ना र त्यसलाई अनुभूतिको तहमा पु¥याउने विषय पनि न्यायिक सुधारको महत्त्वपूर्ण पक्षको रूपमा रहनु पर्दछ,' कार्ययोजनामा भनिएको छ, 'सुशासनको अवस्थाका सम्बन्धमा व्यक्त हुने गरेका चासो र सरोकारप्रति गम्भीर र संवेदनशील रहँदै न्यायपालिकामा सुशासन कायम गर्ने विषयलाई विशेष प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ ।'

डा. शर्माले सूचना प्रविधिमैत्री अदालतको स्थापना गरी न्यायपालिकाको नीति तथा गुरुयोजनाको निर्माण र प्रभावकारी कार्यान्वयनमार्फत न्यायपालिकालाई प्रविधियुक्त न्यायपालिकामा रुपान्तरण गर्ने बताए ।

सूचना प्रविधिको स्तरोन्नतिमार्फत मुद्दाको दर्तादेखि फैसला लेखन र कार्यान्वयनसम्मका प्रक्रियाहरूलाई एक वर्षभित्र सूचना प्रविधि प्रणालीमा आबद्ध गर्ने गरी सफ्टवेयर निर्माण तथा मोड्युलहरूको विकास गरी गर्ने उनको भनाइ थियो ।

न्यायिक सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम प्रयोग गर्न आवश्यक सफ्टवेयर सहितको 'डिजिटल' पूर्वाधार स्थापनाका लागि स्रोतसाधनको व्यवस्थापन गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सूचना प्रविधिको पूर्वाधारसहितको सूचना तथा सहायता कक्ष सञ्चालन गर्ने कार्ययोजनामा भनिएको छ ।

एक वर्षभित्र मुद्दाको दर्ता, म्याद तामेली, मुद्दा प्रवाह व्यवस्थापन, साक्षी परीक्षण, मुद्दाको कारबाही र सुनुवाइका चरण तथा आदेश एवम् फैसला लेखन समेतलाई सूचना प्रविधि प्रणालीमा आबद्ध गरिने र मिसिल कागजातका विद्युतीयप्रति पक्षहरूले आफूलाई पायकपर्ने जुनसुकै अदालतबाट प्रमाणित गरी लिनसक्ने प्रबन्ध मिलाउने कार्ययोजनामा छ ।

भावी प्रधानन्यायाधीशको कार्यायोजनामाथि समितिमा सदस्यहरू पद्मा अर्याल, वर्षमान पुन, दीपकराज बोहरा, प्रेम दङ्गाल, कविन्द्र बुर्लाकोटी, राजीव खत्री, मधुकुमार चौलगाईं लगायतले न्यायालयमा विवाद देखिएको, भ्रष्टाचार, विकृति–विसङ्गति अझै भएको, बार र बेन्चबीच विवाद भएको, अदालतमा रिट निवेदन दरपीठविरुद्ध दर्ता नगर्न दबाब दिएकोलगायत विषयमा सवाल राखेका थिए । डा. शर्माले न्यायालयमा कुनै गुट नभएको र रिट निवेदन दर्ता वा दरपीठ गर्ने काम विशुद्ध प्रशासनको भएकाले त्यसबारेमा प्रशासनले स्वविवेकले काम गर्ने बताए ।

# सरकार–महानगर टकराव:

## 'महानगरलाई बदनाम गर्ने कर्मचारी स्वीकार्य छैन'

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको सरुवालाई लिएर झन्डै तीन महिनादेखि जारी विवाद अब झन् तीव्र बनेको छ । विवाद उत्कर्षमा पुगेपछि महानगरका जनप्रतिनिधिले सम्पूर्ण सेवा बन्द गर्ने र महानगरको साँचो संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई बुझाउने निर्णय गरेका छन् । तत्कालीन नेपाल सरकार मन्त्रिपरिषद् ले २०८२ फागुन १२ गते सहसचिव रेशमलाल कँडेललाई वीरगंज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाउने निर्णय गरेको थियो । तर निर्णयप्रति सुरुदेखि नै असन्तुष्टि जनाउँदै आएको महानगरपालिकाले सरकारसँग पुनर्विचारको मागसमेत गरेको थियो ।




महानगरका मेयर राजेशमान सिंहले महानगरको सहमति नै नलिई मन्त्रालयले एकतर्फी रूपमा कँडेललाई पठाएको आरोप लगाएका छन् । उनले सरुवा निर्णयपछि कँडेल तत्काल महानगरमा हाजिर हुन नआएको, बरु काठमाडौंमै बसेर महानगरको छवि बिगार्ने गरी सञ्चारमाध्यममा अभिव्यक्ति दिएको भन्दै असन्तोष व्यक्त गरे । मेयर सिंहका अनुसार सरकारले पटक–पटक ताकेता गरेपछि मात्र कारबाहीको डरले कँडेल रवाना लिएर वीरगंज आएको दाबी गरिएको छ । 'सरकारको निर्णयलाई नै बेवास्ता गर्ने र महानगरलाई विवादमा तान्ने कर्मचारीसँग सहकार्य सम्भव छैन,' भन्दै उनले कँडेलको सट्टा अन्य कुनै अधिकृत पठाइए स्वीकार गर्न तयार रहेको स्पष्ट पारे ।

सोमबार बसेको मेयर, उपमेयर तथा वडाध्यक्षहरूको संयुक्त बैठकले महानगरको सम्पूर्ण प्रशासनिक सेवा बन्द गर्ने निर्णय गरेको छ । साथै बुधबार जनप्रतिनिधिहरूको टोली मन्त्रालयमै पुगेर महानगरको साँचो बुझाउने तयारी गरिएको मेयर सिंहले जानकारी दिए । सरकारले सरुवा गरेर पठाएका कँडेललाई महानगरले हाजिर गर्न अस्वीकार गरेपछि वीरगंज महानगरपालिका विगत तीन महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन अवस्थामा छ ।

यसअघि प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत अरबिन्दलाल कर्णको आर्थिक तथा प्रशासनिक अधिकार मन्त्रालयले कटौती गरिसकेको छ । प्रमुख प्रशासकीय अधिकृतको अभावका कारण महानगरको आर्थिक तथा प्रशासनिक गतिविधि गम्भीर रूपमा प्रभावित बनेको छ । कर्मचारीहरूले तीन महिनादेखि तलब–भत्ता पाउन सकेका छैनन् भने विकास निर्माणका कामसमेत ठप्पप्रायः बनेका छन् ।

# प्रतिव्यक्ति चुनाव खर्च २६३ रूपैयाँ !

**मधेशदृष्टि**
**काठमाडौँ ।**
निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन–२०८२ को निर्वाचन खर्च सार्वजनिक गरेको छ ।

आयोगले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै फागुन २१ मा सम्पन्न निर्वाचन सञ्चालनका लागि भएको खर्च तथा वित्तीय व्यवस्थापनसम्बन्धी विवरण सार्वजनिक गरेको हो ।

आयोगका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्न नेपाल सरकारबाट ६ अर्ब ७१ करोड ९२ लाख ८७ हजार २ सय रुपैयाँ प्राप्त भएको थियो । त्यसमध्ये ४ अर्ब ९६ करोड ७८ लाख ३९ हजार ४५ रुपैयाँ खर्च भएको आयोगले जनाएको छ ।

आयोगले कुल मतदाता संख्या १ करोड ८९ लाख ३ हजार ६ सय ८९ लाई आधार मानेर प्रति मतदाता औसत २ सय ६३ रुपैयाँ खर्च भएको उल्लेख गरेको छ ।

# भेप प्रकरणमा शङ्कास्पद थप दुई व्यक्ति पक्राउ




**मुस्ताङ ।**
नेपाल–चीन उत्तरी कोरलानाका हुँदै भन्सार छली गरी जोमसोमतर्फ ल्याइँदै गरेको विद्युतीय चुरोट (भेप) बरामद प्रकरणमा संलग्न थप दुई जना व्यक्तिसहित एक स्कार्पियो गाडी प्रहरीले नियन्त्रणमा लिएको छ ।

अवैध रूपमा चोरी–पैठारी गरी ल्याइएका भेप प्रकरणमा संग्लन रहेको आरोपमा थासाङ गाउँपालिकास्थित इलाका प्रहरी कार्यालय लेतेले शनिबार बिहान उनीहरूलाई नियन्त्रणमा लिएको थियो ।

भेप चोरी–पैठारीका लागि नक्कली कागजपत्र बनाउन सहयोग गरेको आशङ्कामा बिएई ४९२२ नम्बरको स्कार्पियो गाडीसहित गाडीका चालक जिल्ला सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका–४ बस्ने ४१ वर्षीय दीपेश गदाल र गाडीमा सवार जिल्ला सिन्धुपाल्चोक लिसंखु पाखर गाउँपालिका–७ बस्ने ३९ वर्षीय रवीन्द्र दर्नाललाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षण सन्तोष बस्यालले जानकारी दिए ।

उनका अनुसार इलाका प्रहरी कार्यालय लेते चेक पोष्टमा चेकजाँच गर्ने क्रममा भेप प्रकरणमा संग्लन रहेको आशङ्कामा इलाका प्रहरी कार्यालयले नियन्त्रणमा लिएको हो ।

यसअघि शुक्रबार राति ११:०० बजे चीनबाट चोरी–पैठारी गरी नेपाल भित्र्याएका दुई वटा कन्टेनरमा लोड गरी ल्याएका विद्युतीय चुरोट (भेप) भन्सार छलेर जोमसोमतर्फ आउँदै गरेको अवस्थामा मुस्ताङ भन्सार कार्यालयका कर्मचारी र सुरक्षा निकायको संयुक्त टोलीले लोमान्थाङ–४ एक्लेभट्टी भन्ने स्थानमा खानतलासी गरी बरामद गरेको थियो ।

नाक्ष्ख ४७४३ र ना५ख ७९२१ नम्बरको मालवाहक कन्टेनरमा लोड गरिएका भेपसहित अन्य सामान बरामद गरिएको थियो । भन्सार कार्यालयका अनुसार नक्कली कागजपत्र तयार गरी चोरी–पैठारी गरिएका ५९० कार्टुन भेपसहित मोजा, जुत्ता, बेबी कट्टु, खाली कार्टुन, गेम भेस्टलगायत नौ प्रकारका सामान बरामद गरिएको थियो ।

प्रहरीका अनुसार चीनबाट चोरी–पैठारी गरी भन्सार छलेर ल्याएका भेपसहित अन्य समानको अनुमानित मूल्य १६ करोड ६५ लाख रुपैयाँ रहेको छ । भेप लोड गरिएका अन्य सामानसहित दुई वटा कन्टेनरसहित चालक र एक व्यक्ति गरी तीन जनालाई अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको थियो ।

कन्टेनर चालक धादिङ धुनीबेँसी नगरपालिका– १ बस्ने ४२ वर्षीय सन्तोष लामा, अर्का कन्टेनर चालक सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका–२ बस्ने ४९ वर्षीय फुन्चु दोर्जेसहित निजका साथी सिन्धुपाल्चोक जुगल गाउँपालिका–३ बस्ने ५१ वर्षीय पासाङ शेर्पालाई प्रहरी नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिए ।

यता, मुस्ताङ भन्सार कार्यालयले घटनामा संग्लन पाँच जना व्यक्तिविरुद्ध थप अनुसन्धानका लागि जिल्ला अदालतबाट १० दिनको म्याद थप भइसकेको प्रमुख विदुर चुडालले जानकारी दिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन